का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ फागुन २०८१,
आइतबार
9 March, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ३५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# सशंकित गणतन्त्रवादी दलहरू

## तराई–मधेश अभियान छाडेर बैठक केन्द्रित नेकपा माओवादी



राष्ट्रिय राजनीतिमा फरक गतिविधिहरू बढेका कारण त्यस्ता गतिविधिलाई चुनौती दिनेगरी संसदीय र अन्य मोर्चामा पार्टीलाई सक्रिय राख्न हाललाई अभियान स्थगित गर्ने निर्णय भएको हो

**देवप्रसाद गुरुङ**
महासचिव, नेकपा (माओवादी केन्द्र)



यो व्यवस्थाका विरुद्ध अबाञ्छित गतिविधिहरू बढेको कुरा सत्य हो । यसमा संघीय लोकतान्त्रिक गणतन्त्रका रक्षक राजनीतिक दलहरूले छलफल गरेर यस्ता गतिविधिलाई रोक्न लाग्नुपर्ने अवस्थाचाहिँ आएको देखिन्छ

**महेश बर्तौला**
मुख्य सचेतक, नेकपा एमाले

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २४ फागुन ।

संसद्मा प्रतिनिधित्व गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षधर राजनीतिक दलहरू सतर्क देखिएका छन् । पछिल्लो समय राष्ट्रिय राजनीतिमा फरक गतिविधिहरू बढेको निष्कर्षसहित दलहरू काठमाडौं केन्द्रित भएर छलफलमा जुट्ने तयारीमा लागेका हुन् ।

पूर्वराजा ज्ञानेन्द्र शाह आइतबार पोखराबाट काठमाडौं आउने कार्यक्रमलाई लक्षित गरेर उनका समर्थकहरूले काठमाडौं अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत कार्यक्रम राखेका छन् ।

सो कार्यक्रमका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीका नेताहरूले देशका विभिन्न स्थानमा प्रशिक्षण गराएर जनसमर्थन जुटाउन अभियान नै चलाएका छन् । राप्रपाले १ लाख नागरिक काठमाडौंमा उतार्ने दाबी गरे पनि गृह मन्त्रालयले केही हजार व्यक्तिहरू काठमाडौंमा आउने आँकलन गरी सतर्कतासहित सुरक्षा व्यवस्था कडाइ गरेको छ ।

नेकपा (माओवादी केन्द्र)ले 'जनतासँग माओवादी : तराई-मधेश जागरण अभियान' फागुन महिनाभरका लागि स्थगित गरेर नेताहरू काठमाडौं केन्द्रित भएका माओवादी नेताहरूले बताएका छन् ।

राष्ट्रिय राजनीतिमा फरक परिस्थिति देखिँदै गएको अवस्थालाई मध्यनजर गर्दै केही समयका लागि पार्टीको अभियान स्थगन गरेको नेकपा (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङले बताए । गुरुङले मध्यान्हसँग भने, 'राष्ट्रिय राजनीतिमा फरक गतिविधिहरू बढेका कारण पार्टीको यो अभियानले मात्र नपुग्ने ठानेर थप सशक्त कार्यक्रम तय गर्नका लागि तत्कालका अभियान स्थगन गरेका हौं ।' पार्टीको तत्काल बैठक बसेर नयाँ कार्यक्रम तय गर्ने उनले बताए ।

पछिल्लो समसामयिक राजनीतिक परिस्थितिबारे राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीबीच पनि छलफल भएको छ । पछिल्लो राजनीतिक सन्दर्भलाई लिएर राष्ट्र प्रमुख र कार्यकारी प्रमुखबीचको भेटलाई अर्थपूर्ण रूपमा हेरिएको छ । राष्ट्र प्रमुख र कार्यकारी प्रमुखबीचको भेट नियमित र समसामयिक विषयमा रहेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

गत ६ फागुनको राति प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा पूर्वराजा ज्ञानेन्द्र शाहले शुभकामना भिडियो सन्देश सार्वजनिक गरेसँगै राप्रपासहित उनका समर्थकले राजसंस्था फर्काउने भन्दै आफ्ना अभियानलाई थप सशक्त बनाएका छन् ।

रास्वपाका नेताहरू यो विषयमा मौन छन् भने नेपाली कांग्रेस, एमाले र माओवादीसहित राजनीतिक दलहरूबीच छलफल गर्ने तहमा पुगेका छन् । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधव नेपाल र नेसपा (नयाँ शक्ति)का अध्यक्ष डा. बाबुराम भट्टराईले समेत ज्ञानेन्द्र शाहको गतिविधिप्रति आपत्ति जनाएका छन् । नेकपा एमालेका मुख्य सचेतक महेश बर्तौलाले राजनीतिक गतिविधिका नाममा केही अबाञ्छित गतिविधिहरू बढेका बताए । »» पृष्ठ २ मा

# होटल उद्घाटनमा अल्झिएका प्रधानमन्त्री

## कतिपय होटल मापदण्डविपरीत



प्रधानमन्त्री ओलीले निश्चित व्यापारिक घरानाका काममा संलग्नता देखाउँदा त्यसबाट कतै न कतै लाभ लिएका हुन सक्छन् भनेर सार्वजनिक रूपमा प्रश्न उठ्नु स्वाभाविक भएको छ

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २४ फागुन ।

प्रधानमन्त्री र मन्त्रीहरूलाई सिंहदरबारको कार्यकक्षमा भेट्न जति गाह्रो छ, उनीहरूलाई भेट्न त्यति नै सजिलो सभा, गोष्ठी, आमसभा जस्ता कार्यक्रममा छ किनभने कार्यकारी प्रमुखदेखि उनलाई सहयोग गर्ने मन्त्रीहरू दैनन्दिन कुनै न कुनै सार्वजनिक कार्यक्रममा सहभागी हुन्छन् ।

आजकल प्रधानमन्त्री र मन्त्रीहरू सजिलै सिंहदरबारमा भेटिँदैनन् । कार्यकक्षको ढोकामा रहेको नेमप्लेटमा प्रायः देखिन्छ- बाहिर ।

गत असारमा प्रधानमन्त्री बनेका केपी शर्मा ओलीमा पनि कार्यक्रममा सहभागी हुने, उद्घाटन गर्ने मोह अत्यन्तै जागृत भएको देखिएको छ । यस अवधिमा उनी सामान्य खालका कार्यक्रममा पनि पुग्ने गरेका छन् । तर, पछिल्लो समय ओलीमा होटल उद्घाटन गर्ने मोह जबर्जस्त रूपमा जागेको छ । यस अवधिमा प्रधानमन्त्री ओलीले अन्य कार्यक्रमहरूको उद्घाटनका साथै निजी स्तरमा खुलेका होटलहरूको उद्घाटनमा आफूलाई व्यस्त राखेका छन् ।

### कुनकुन होटल उद्घाटन गरे ?

गत २९ भदौमा प्रधानमन्त्री ओलीले काठमाडौंको बूढानीलकण्ठमा निर्मित पाँचतारे होटल लेमन ट्री प्रिमियरको उद्घाटन गरे । यस्तै, पर्यटन व्यवसायी देशबन्धु बस्नेतले खोलेको पाँचतारे होटल 'मेक्योर काठमाडौं'को उद्घाटन प्रधानमन्त्री ओलीले २ माघमा गरे ।

१ वर्षअघि नै संचालनमा आइसकेको कोमल वलीले खोलेको कोमल होटल एन्ड रिसोर्टको »» पृष्ठ २ मा

### सबैजसो होटल अनुमतिबाहिर

एक तथ्यांकअनुसार काठमाडौं उपत्यकाका सबैजसो होटलहरूले काठमाडौं उपत्यका विकास प्राधिकरणबाट योजना अनुमति नलिएका पाइएको छ । प्राधिकरणका अनुसार योजना अनुमति नलिनेमा एकतारेदेखि चारचारे होटलसम्म छन् । उपत्यकाका ३ जिल्लामा संचालित ४३१ तारे होटलमध्ये ९९ प्रतिशतले प्रधिकरणसँग अनुमति नै नलिएका हुन् ।

यतिसम्म कि प्रधानमन्त्री ओलीले निकै तामझामसहित उद्घाटन गरेको पाँचतारे होटल मर्क्योरले समेत अनुमति नलिएको पाइएको छ । »» पृष्ठ २ मा

**कर्णाली प्रदेशसभामा उपस्थिति**

# मुख्यमन्त्री सत प्रतिशत, अर्थमन्त्री अन्तिममा

## संघीय संसद्मा सांसदहरूको उपस्थिति न्यून देखिएका बेला कर्णाली प्रदेशसभामा भने अधिकांश सांसदहरूको उपस्थितिमा उत्साहजनक वृद्धि भएको छ

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २४ फागुन ।

कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो बैठकमा कर्णालीका सांसदहरूको उपस्थिति निकै उत्साहजवनक देखिएको छ । १८ पुस २०७९ मा प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो बैठक बसेको थियो । त्यसयता हालसम्म सभाका १०८ वटा बैठक बसेका छन् ।

जनताका प्रतिनिधिको थलोका रूपमा चिनिने संसद्मा सांसदहरूको उपस्थितिलाई महत्त्वपूर्ण मानिन्छ । संघीय संसद्मा सांसदहरूको उपस्थिति न्यून देखिएका बेला कर्णाली प्रदेशसभामा भने अधिकांश सांसदहरूको उपस्थितिमा उत्साहजनक वृद्धि भएको छ ।

प्रदेशसभा सचिवालयले दिएको जानकारीअनुसार कर्णालीका मुख्यमन्त्री यामलाल कँडेल बैठकमा सत प्रतिशत सहभागी हुँदा आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाह ६० दिन मात्र बैठकमा उपस्थित भएका छन् । जाजरकोट प्रदेशसभा 'ख'बाट निर्वाचित उनको स्थायी बसोबास काठमाडौंमा छ । संसद्को अभिलेख हेर्दा उनी मन्त्री हुनुभन्दा अधिका अधिवेशनमा कमै मात्र उपस्थित भएका देखिन्छ ।

तर, पछिल्लो समय उनी सबै बैठकमा सहभागी भइरहेका छन् । समग्रमा प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो अधिवेशनदेखि नै सांसदहरूको उत्साहजनक सहभागिता रहेको सचिवालयको तथ्यांक छ ।

कर्णाली प्रदेशसभाका सभामुख नन्दा गुरुङ १०३ बैठकमा उपस्थित भएकी छन् । उपसभामुख यशोदा न्यौपानेले १०१ बैठकमा सहभागिता जनाएकी छन् । सांसद इन्द्राकुमारी शाही १००, पूर्वमन्त्री कृष्णबहादुर जीसी १०५, पूर्वमन्त्री खड्गबहादुर पोखरेल १०० »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# परराष्ट्रमन्त्रीको निर्देशनपछि पनि ढिलासुस्ती र पक्षपात नहटेको गुनासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ फागुन ।

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले सेवा प्रवाहमा सहजता ल्याउन खाडी समन्वय परिषद् (जीसीसी) स्थित नेपाली नियोगका प्रमुखसँग छलफल गरे पनि सो क्षेत्रमा रहेका केही नेपाली राजदूतावास र नियोगमा मागपत्र प्रमाणीकरणको लामो समयदेखिको समस्या यथावत् रहेको गुनासो बढेको छ ।

केही दिनअघि आठौं 'इन्डियन ओसन कन्फ्रेन्स' तथा द्विपक्षीय बैठकहरूमा सहभागी हुन ओमान भ्रमणमा जाँदा परराष्ट्रमन्त्री डा. देउवाले ओमान र त्यस क्षेत्रमा रहेका नेपाली नियोगका प्रमुखसँग भर्चुअल बैठक गरी वैदेशिक रोजगार र आप्रवासनका समस्याबारे छलफल गरेकी थिइन् ।

छलफलमा नेपाली नियोगका राजदूत, कार्यबाहक महावाणिज्यदूत, नियोग उपप्रमुख, श्रम काउन्सिलर तथा श्रम सहचारीलगायत नियोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीको सहभागिता थियो । उक्त बैठकमा मागपत्र प्रमाणीकरणसहित महिला घरेलु कामदारलगायत नेपाली श्रमिकको उद्धार, स्वदेश फिर्ती, बीमा तथा क्षतिपूर्ति, आश्रयस्थल, शव व्यवस्थापनलगायत श्रमिकसँग सम्बन्धित समस्या समाधान गर्न गंभीर छलफल भई निर्देशन दिएकी थिइन् ।

उक्त छलफलपछि नेपाल फर्किएकी परराष्ट्रमन्त्री डा. देउवाले गृहमन्त्री रमेश लेखक, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीसँग एक चरणमा छलफल पनि गरेकी छन् । छलफलमा सहभागी श्रम मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले नेपाली कामदारका लागि आउने मागपत्र प्रमाणीकरणमा सहजता ल्याउने विषयमा पनि गंभीरताका साथ छलफल भएको र परराष्ट्र मन्त्रालयले आन्तरिक छलफल गरेर मागपत्र प्रमाणीकरणमा रहेको समस्याको समाधान दिने बताएको मध्यान्ह दैनिकलाई जानकारी दिए । »» पृष्ठ २ मा

### साउदी जाने कामदारको खोपमा अनियमितता

काठमाडौं/मस- वैदेशिक रोजगारीमा साउदी अरेबिया जाने नेपाली कामदारलाई मेनिन्गोकोकल नामको खोप अनिवार्य गरिएको छ ।

मेनिन्गोकोकल एक प्रकारको ब्याक्टेरिया भएको र त्यसले मस्तिष्क र मेरुदण्डको वरिपरि रहेको पातलो तन्तुको सुजन निम्त्याउने गर्छ । मेनिन्गोकोकलले रक्त प्रवाहको गम्भीर सरुवा संक्रमण निम्याउने बताइन्छ । साउदी अरेबियाले हजका लागि आफ्नो मुलुक प्रवेश गर्दा मेनिन्गोकोकल संक्रमणविरुद्धको खोप अनिवार्य गरेको छ । हजका लागि सामान्यतया सक्षम व्यक्ति जाने हुँदा उनीहरूलाई समस्या नपर्ने भए पनि काम गर्न जाने कमजोर आर्थिक अवस्थाका कामदारलाई समस्या पारेको छ ।

साधारण अवस्थामा १ डोजको ३ हजार ५०० रुपैयाँ पर्ने उक्त खोपको मूल्य हाल ९ हजारसम्म पुऱ्याइएका कारण कामदार समस्यामा परेका नेपाल »» पृष्ठ २ मा

# 'मौलिक अधिकार खोस्ने कानुन बन्दैन'

**गण्डकी/मस-** सभामुख देवराज घिमिरेले जनताको मौलिक अधिकार खोस्ने गरी संसद्ले कानुन नबनाउने बताएका छन् । प्रेस क्लब गण्डकीद्वारा शनिबार पोखरामा आयोजित कार्यक्रममा उनले लामो समयको संघर्षको जगमा लोकतन्त्र ल्याइएको भन्दै जनताको हित विपरीत कानुन संसद्ले नबनाउने स्पष्ट पारे ।

लोकतान्त्रिक प्रणालीमा प्रेस स्वतन्त्रतालाई अंकुश लगाउने गरी कानुन नबन्ने सभामुख घिमिरेले उल्लेख गरे । अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने गरी संसद्ले कुनै कानुन नबनाउने बताउँदै उनले




भने, 'कानुनको अभावमा धेरै बेथिति बढेका छन्, बेथितिलाई नियन्त्रण गर्न कानुन बनाउने हो, जनताको मौलिक अधिकार खोस्ने गरी कानुन बनाउन सम्भव छैन ।' गलत कुराहरूको प्रचार रोक्नका लागि कानुन आवश्यक भएको भन्दै उनले सामाजिक सञ्जालमा देखिएको विकृति, विसङ्गतिलाई नियन्त्रण र नियमन गर्न आवश्यक रहेकामा जोड दिए । त्यस्ता विकृतिलाई नियन्त्रण गर्न कानुन बनाउँदा व्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको हनन नहुने उनले स्पष्ट पारे ।

पत्रकारिता क्षेत्रको काम समाचार लेख्ने र सम्प्रेषण गर्ने मात्र नभइ हाम्रा प्राप्त उपलब्धिको रक्षा गर्ने, समाजका गतिविध सम्प्रषण गर्ने जिम्मेवारी पनि भएको सभामुख घिमिरेको भनाइ छ । नेपाल कम्युनिष्ट पार्टी (एमाले) गण्डकी प्रदेशसभा संसदीय दलका नेता खगराज अधिकारीले लोकतन्त्र विरोधी गतिविधि बढिरहेको बताउँदै स्वतन्त्रताका नाममा छाडातन्त्र चलिरहेकोप्रति सबै गम्भीर बन्नुपर्नेमा जोड दिए ।

# साहित्यकार वैद्यको 'ऋतु' विमोचन

काठमाडौं/मस-साहित्यकार लक्ष्मीलोचना वैद्यको दोस्रो कृति 'ऋतु' एक कार्यक्रममा शनिबार राजधानीको भक्तपुरमा विमोचन गरिएको छ ।

अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर वरिष्ठ समालोचक प्रा.डा. खगेन्द्र लुईटेलको उपस्थितिमा सामाजिक कथामा आधारित उपन्यास 'ऋतु' विमोचन कार्यक्रम सम्पन्न गरिएको हो ।

सिर्जना अभियान समाज भक्तपुरका अध्यक्ष धनमान श्रेष्ठ, वरिष्ठ लघुकथाकार ध्रुव मधिकर्मी, सद्भाव थिएटरका संस्थापक निर्देशक तथा नाट्यकर्मी महासंघका उपाध्यक्ष राम के ए सी, बुक्स हिमालय पब्लिकेशनका म्यानेजिङ डाइरेक्टर रोमन शाक्य र म्यार्केटिङ म्यानेजर यज्ञश्वर जोशीसहित प्रा.डा.लुईटेलले




संयुक्त रुपमा वैद्यको नयाँ कृति 'ऋतु' विमोचन गरिएको हो ।

भक्तपुर दरवार क्षेत्रमा रहेको ख्वःप छैं रेष्टुरेन्टमा आयोजित कार्यक्रममा वरिष्ठ लघुकथाकार मधिकर्मीले स्वागत मन्तव्य दिएका थिए भने राम के ए सीले पुस्तकमाथि चर्चा गरेका थिए । बुक्स हिमालय सानेपा ललितपुरद्वारा प्रकाशित ३७८ पृष्ठको पुस्तकको मूल्य ६५० रुपैयाँ राखिएको छ । लक्ष्मीलोचना वैद्यको 'ऋतु' दोस्रो कृति हो । यसअघि 'नेपाली नाटकको रुपरेखा-२०७४' नामक पुस्तक प्रकाशित भइसकेको छ ।

उनले ३ हजार ५०० रुपैयाँमा १ डोज पर्ने उक्त खोपको मूल्य हाल ९ हजारसम्म पुऱ्याइएको बारे छानबिन गर्न मागसमेत गरे ।

रेमिटचान्समार्फत मुलुकको अर्थतन्त्र चलायमान भएको अवस्थामा खोपको अभाव वा कालोबजारियाका कारण कामदारले सहज रूपमा पाउन नसक्ने अवस्थाको अन्त्यका लागि स्वास्थ्य मन्त्रालय वा स्वास्थ्य विभागले पर्याप्त ध्यान दिन जरुरी रहेको उनले बताए ।

**सशंकित...**

'संविधानको खिलाफमा कोही पनि जान सक्दैन', उनले भने, 'तर, यो व्यवस्थाका विरुद्ध अबाञ्छित गतिविधिहरू बढेको कुरा सत्य हो । यसमा संघीय लोकतान्त्रिक गणतन्त्रका रक्षक राजनीतिक दलहरूले छलफल गरेर यस्ता गतिविधिलाई रोक्न लाग्नुपर्ने अवस्थाचाहिँ आएको देखिन्छ ।'

माओवादी केन्द्रीय समितिको छैटौं पूर्ण बैठकको निर्णयअनुसार गत १२ फागुनदेखि माओवादीले तराई-मधेश केन्द्रित अभियान चलाइरहेको थियो । माओवादीको पूर्वनिर्धारित कार्यक्रमअनुसार २५ फागुनमा बारा, २६ पर्सा, २७ चितवनमा अभियान संचालन हुने तय भएको थियो । यस्तै, २ चैतमा नवलपुर (नवलपरासी पूर्व), ३ चैतमा परासी (नवलपरासी पश्चिम), ४ गते रुपन्देही र ५ चैतमा कपिलवस्तुमा कार्यक्रम गर्ने तय भएको थियो ।

यसरी नै ६ गते दाङ, ७ गते बाँकेमा र ८ गते बर्दियामा अभियान संचालन हुने तय भएकामा सबै कार्यक्रम स्थगित भएको छ । ११ चैतमा कैलाली, १२ चैतमा कन्चनपुरमा कार्यक्रम गर्ने तय भएको थियो । यी सबै कार्यक्रम अब कहिलेदेखि सुरु गरेर कहिले सक्ने भन्नेबारे केन्द्रीय बैठकले छिट्टै मिति तय गर्ने नेताहरूको भनाइ छ ।

मुलुकको पछिल्लो राजनीतिक परिस्थितिलाई मध्यनजर गर्दै बालुवाटारको आग्रहमा माओवादी अभियान स्थगन भएको माओवादी केन्द्रका पोलिटव्युरो सदस्य हिमाल शर्माले बताए । उनले भने, 'मलाई लाग्छ, बालुवाटारबाटै केही सूचना पठाएकाले माओवादीको अभियान स्थगित गरिएको हुनुपर्छ । माओवादी तराई-मधेशमा अल्झेका बेलामा काठमाडौंमा अरूले कब्जा गर्ने अवस्था आउने हो कि भन्ने कुरालाई ध्यानमा राखेर कार्यक्रम स्थगित भएको हुन सक्छ ।'

केही दिनदेखि संसद्मा समेत दलका नेताहरूले पूर्वराजा शाह केन्द्रित अभिव्यक्ति दिएपछि राजनीतिक बजारमा विभिन्न शंका उपशंकाहरू उब्जिएका छन् । राजसंस्थाको वकालत गर्दै आएको राप्रपाले राजावादी गतिविधि बढिरहेको अवस्थामा उनीहरूको गतिविधिलाई चुनौती दिनेगरी संसदीय र अन्य मोर्चामा पार्टीलाई सक्रिय राख्न हाललाई अभियान स्थगित गर्ने निर्णय भएको माओवादी महासचिव देवप्रसाद गुरुङले बताए । अभियानअन्तर्गत शनिबार रौतहटमा कार्यक्रम सकेर पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सहितका नेताहरू काठमाडौं फर्किएका छन् । अभियानलाई केही समय स्थगित गर्दै पार्टीको बैठकपछि संसदीय मोर्चामा सक्रिय रहँदै प्रतिगामी शक्तिहरूको गतिविधिलाई चिर्न लाग्ने उनको भनाइ छ ।

पूर्वराजाले राजनीतिक सक्रियता देखाएको भन्दै प्रधानमन्त्रीसहित सत्तासीन र प्रमुख प्रतिपक्षी दलका शीर्ष नेताले राजनीति गर्ने भए दल खोलेर चुनावमा आउन चुनौती दिइरहेका छन् । शीर्ष दलका नेताहरूको यस्तो अभिव्यक्तिपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले अहिलेका ठूला भनिएका दलसँग लड्न आफूहरू नै काफी रहेको टिप्पणी गरेका छन् ।

**मुख्यमन्त्री...**

र भौतिक पूर्वाधार तथा शहरी विकास राज्यमन्त्री गमता विक १०५ दिन सदनमा उपस्थित भएको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ ।

यस्तै, पूर्वमन्त्री टेकराज पछाईं १०६, जुम्कित लामा कार्की १०२, तुलसा मल्ल १०१, पूर्वमन्त्री दुर्गाबहादुर रावत १०४, मिलन खड्का रोका १०० दिन संसद् बैठकमा उपस्थित भएका छन् ।

यस्तै, पूर्वमन्त्री रणसिंह परियार १०२, सांसद लक्ष्मी सुनार १०२, वलीमाया बुढा १०१, ऊर्जामन्त्री विजया बुढा १०२, पूर्वमन्त्री बेदराज सिंह १०० र सांसद हिक्मतबहादुर विष्ट १०५ दिन संसद् बैठकमा हाजिर भएका छन् ।

**यी सांसद भएनन् १०० दिन पनि उपस्थित**

विभिन्न मन्त्री र सांसदहरूले पनि उल्लेखनीय उपस्थितिका साथ बैठकमा भाग लिएका छन् । केही सांसदले भने १०० दिन पनि सहभागिता जनाएका छैनन्, जसमा पूर्वऊर्जामन्त्री उर्मिला विश्वकर्मा ९३, कलबहादुर हमाल ९५ र कल्याणी खड्का ८७ दिन, सामाजिक विकासमन्त्री घनश्याम भण्डारी ९७ दिन, सांसद जानकी सिंह ८२, पूर्वमन्त्री जितबहादुर मल्ल ९७ र पूर्वमुख्यमन्त्री जीवनबहादुर शाही ६७ दिन सदनमा उपस्थित भएका छन् ।

सधैं बैठकमा उपस्थित हुने शाहीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत साल एउटा पुरानो मुद्दामा प्रतिवादी बनाउँदै विशेष अदालतमा मुद्दा चलाएपछि निलम्बनमा परेका थिए । निलम्बन अवधिबाहेकका बैठकमा उनी सत प्रतिशत उपस्थित छन् । शाहीले उक्त मुद्दामा विशेष अदालतबाट सफाइ पाइसकेका छन् ।

यस्तै, दक्षिणा शाही ९७, पूर्णबहादुर खत्री ९२ दिन, पूर्वमन्त्री वीरबहादुर शाही ९९, पूर्वमन्त्री भीमप्रकाश शर्मा ८५, पूर्वमन्त्री मंगलबहादुर शाही ९३, पूर्वमन्त्री महेन्द्र केसी ९४, पूर्वमुख्यमन्त्री राजकुमार शर्मा ८७, पूर्वमन्त्री विन्दमान विष्ट ९३, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाह ९४, भौतिक पूर्वाधार तथा शहरी विकासमन्त्री शेरबहादुर बुढा ८९, सन्तोषी शाही ७५ र उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री सुरेश अधिकारी ९९ दिन सदनमा हाजिर भएका छन् ।

**कुनकुन...**

५ फागुनमा प्रधानमन्त्री ओलीले उद्घाटन गरेका छन् ।

त्यसअघि २३ असोजमा काठमाडौंको बूढानीलकण्ठमै खुलेको होलिडे इन रिसोर्टको उद्घाटन गरे ।

उद्घाटनमोहबाट प्रेरित प्रधानमन्त्रीले होटलबाहेक हरेक हप्ता कुनै न कुनै कार्यक्रमको उद्घाटन गर्दै आइरहेका छन् ।

प्रधानमन्त्री ओलीले निकै तामझामका साथ उद्घाटन गरेको दमक नगरपालिका- ३ दापगाछीमा निर्माण गरेको १८ तले बिजनेस कम्प्लेक्स भवन अहिले पनि अलपत्र छ ।

**९९ प्रतिशत...**

विवादित उद्घाटन

प्रधानमन्त्री ओलीले कोरोना महामारीको समयमा 'थर्मल गन' काण्डमा मुछिएका व्यवसायी साहिल अग्रवालको होटल हिल्टन उद्घाटन गरेका छन् । साहिलका बुबा शंकर अग्रवालको मुख्य लगानी रहेको नक्साल भगवती मन्दिरसँगैको होटल हिल्टन ओलीले उद्घाटन गरेका हुन् ।

शंकर अग्रवाल धनी रहेको शंकर ग्रुप नेपाल विद्युत् प्राधिकरणको डेडिकेटेड ट्रंक लाइन महसुल भुक्तानी विवादमा पर्दा पछाडिको खेलाडीको रूपमा परिचित छ ।

एउटा कर छलीवाला विवादास्पद होटलको उद्घाटनमा देशको कार्यकारी प्रमुख र विभागीय मन्त्रीहरू पुगेपछि त्यहाँ शक्तिको चलखेल भएको टिप्पणी भएको छ ।

प्रधानमन्त्री ओलीले निश्चित व्यापारिक घरानाका काममा संलग्नता देखाउँदा त्यसबाट कतै न कतै लाभ लिएका हुन सक्छन् भनेर सार्वजनिक रूपमा प्रश्न उठ्नु स्वाभाविक भएको विश्लेषकरूको भनाइ छ । उद्घाटन र शिलान्यासको मोह छाड्न नसक्नेहरूले गर्ने यस्ता कार्यले सरकारको जिम्मेवारी र दायित्व एकातिर तथा सरकार प्रमुखले गर्ने काम अर्कातिर भएको उनीहरूको धारणा छ । 'त्यसले सरकार र प्रधानमन्त्रीको अनुत्तरदायी र गैरजिम्मेवार छवि निर्माण गर्छ । नभएका काम गरेको भन्ने, नभएका उपलब्धि हासिल गरेको दाबी गर्ने र जनतालाई भ्रम छर्ने काम मात्र भएको छ', राजनीतिशास्त्रका प्राध्यापक कपिलमणि दाहालले भने ।

**बुझ्दै नबुझी जाादाको परिणाम**

उच्च नेतृत्वलाई राजनीतिक प्रभावमा पार्दा वा सही सन्देश नदिँदाको परिणाम कस्तो हुन्छ भन्ने पुष्टि पोखरास्थित होटल उद्घाटनको कार्यक्रममा देखियो ।

१९ जेठ २०७६ मा पोखराको लेकसाइडस्थित स्विस इन्टरनेसनल होटल सरोवर उद्घाटन गर्न पोखरा पुगेका ओली नराम्रोसँग चुके । त्यतिबेला पनि उनी प्रधानमन्त्री थिए ।

१० तलाको यो होटल भवन मापदण्डविपरीत बनेको छ । होटल संचालक भरतराज पहारी पोखरा महानगरपालिकाको मापदण्ड निर्धारण समितिका संयोजक पनि थिए । पहारी विशेष अदालतले भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेका व्यक्ति पनि हुन् ।

तर, मापदण्डविपरीत होटल निर्माण भएको आलोचना हुँदाहुँदै पनि प्रधानमन्त्री ओली होटल उद्घाटन गर्न पुगेका थिए ।

संचालक पहारीले प्रधानमन्त्री ओलीलाई थाहै नदिई राजनीतिक प्रभावमा पारेर होटल उद्घाटन गर्न बोलाएका थिए । तर, पछि जब प्रधानमन्त्रीले यो विषय थाहा पाए, उनले होटल उद्घाटन नै नगरी फर्केका थिए ।

प्राध्यापक दाहाल उच्च पदस्थ पदाधिकारीमा कस्तो कार्यक्रममा जाने भन्ने नीति नै नभएको बताउँछन् । राजनीतिक प्रभाव बढेकाले पनि प्रधामन्त्री र मन्त्रीहरूमा उद्घाटन गर्ने मोह बढेको उनको टिप्पणी छ ।

यसअघि तत्कालीन उपराष्ट्रपति नन्दबहादुर पुन पोखराको बुद्धचोकमा मापदण्डविपरीत निर्माण भएको १० तले होटल टास्क इन्टरनेसनलको उद्घाटन गरेर आलोचित भएका थिए ।

आमसभामा भीड देखाउने, उद्घाटन र शिलान्यासमोह, 'समृद्ध नेपाल : सुखी नेपाली' जस्ता नारा ओलीले बोकेका छन् ।

**परराष्ट्रमन्त्रीको...**

तर, वैदेशिक रोजगार व्यवसायीले युरोपेली मुलुकमा मागपत्र प्रमाणीकरणका लागि व्यवसायीलाई दस्तुर तिर्न लगाएर मागपत्र प्रमाणीकरण नगरेको र शुल्क पनि फिर्ता नगरेको तथा खाडीका केही मुलुकमा मागपत्र प्रमाणीकरण गर्न झन्झट, पक्षपात र मोलतोल हुने गरेको बताएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव कर्णराज कटुवालले युरोपेली मुलुकमा रहेको मागपत्र प्रमाणीकरणमा समस्या सिर्जना गरेर व्यवसायीलाई सास्ती दिएको अवस्थामा हाल कुवेत र साउदी अरेबियाको कन्सुलेट कार्यालय जेद्दामा मागपत्र प्रमाणीकरणको काम हुन नसकेको बताए ।

कुवेतमा मागपत्र प्रमाणीकरणको जिम्मेवारी पाएका कर्मचारीले रोजगारदाता र व्यवसायीलाई होटलमा बोलाएर मोलतोल गर्ने, सय जनाभन्दा बढीको मागपत्र प्रमाणीकरणका लागि फाइल आएको अवस्थामा रोजगारदातालाई बोलाएर मोलतोल गर्ने, खण्डीकरण गरेर अर्को म्यानपावर कम्पनीका नाममा पनि मागपत्र बनाएर ल्याउन दबाब दिने गरिएको गुनासो व्यापक रूपमा आएको सचिव कटुवालले बताए । साउदी अरेबियाको जेद्दामा भने कम्पनी भ्रमण गर्नुपर्ने, पुराना कामदारको अवस्था बुझ्नुपर्नेजस्ता कारण तेर्स्याएर ढिलाइ गर्ने गरेको पनि उनले बताए ।

परराष्ट्रमन्त्री डा. देउवाले खाडी समन्वय परिषद् (जीसीसी) स्थित नेपाली नियोगका प्रमुखसँग छलफल गरेपछि आमव्यवसायीले मागपत्र प्रमाणीकरणमा लामो समयदेखि रहेका समस्या समाधान हुने अपेक्षा गरेको तर परराष्ट्रमन्त्रीको निर्देशनपछि पनि केही कर्मचारीमा व्यवसायीलाई समस्यामा पार्ने पुरानो प्रवृत्तिमा कमी नआएको सचिव कटुवालले बताए ।

उनले समस्या समाधानका संघले परराष्ट्रमन्त्रीलाई भेटेर लिखित रूपमा आग्रह गर्ने र व्यवसायीलाई अनावश्यक दुःख दिने कर्मचारीको नाम छानबिनका लागि टिपाउने तयारीमा रहेको समेत बताए । सरकारले सय जना कामदार नपठाएको अवस्थामा लाइसेन्स नवीकरण नगरिदिने र लामो समयदेखि मलेसियाको रोजगारी बन्द भएकाले सय संख्या नै पुऱ्याउन धेरै व्यवसायीलाई समस्या भएको अवस्थामा मागपत्र रहेका युरोपेली मुलुकसहित कुवेत राजदूतावास र साउदीको जेद्दा नियोगबाट मागपत्र समयमा प्रमाणीकरण नहुँदा व्यवसायीमा आक्रोश थपिएको मात्र नभई नेपाल आउने राजस्वसमेत गुमेकाले पनि परराष्ट्रमन्त्रीसहित उच्च पदस्थ कर्मचारीको ध्यानाकर्षण गर्न व्यवसायी बाध्य बनेको पनि सचिव कटुवालले टिप्पणी गरे ।

नेपाली नियोगहरूले भने कार्यबोझको तुलनामा दक्ष कर्मचारी तथा उपयुक्त साधन, स्रोतको कमीका बाबजुद अपेक्षित परिणाम ल्याउन काम गरिरहेको बताउने गरेका छन् ।

**साउदी...**

वैदेशिक रोजगार व्यवसायी संघका कार्यबाहक अध्यक्ष डिकबहादुर खत्री (कुमार)ले मध्यान्ह दैनिकलाई बताए ।

एक व्यक्तिबाट सजिलोसँग अर्को व्यक्तिमा फैलिन सक्ने भएकाले साउदी अरेबियाले बढी नै सतर्कताका साथ उक्त खोप लगाए/नलगाएको निगरानी गर्ने गरेको छ । कार्यबाहक अध्यक्ष खत्रीले स्वास्थ्य मन्त्रालय वा स्वास्थ्य विभागले वैदेशिक रोजगारीमा जाने कामदारको बाध्यता र अत्यावश्यकतालाई ध्यानमा राखेर उनीहरूको सहज पहुँचमा खोप पुऱ्याउनुपर्ने माग गरे ।

## साउदीमा रोजगार

कम्पनी : Saudi Petrol & Equipment Est
शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/११/२३ चलानी नं.: ६०२३४१६४ LT. NO.: 320032

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 5 | 0 | स. काममा दक्ष | 1800 | ६६,५४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ३ गते (16 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**रोज ओभरसिज प्रा.लि.**
चण्डोल चोक, बंसिधर मार्ग, काठमाडौं, फोन नं. : ४४१२८७४, ४४४६१०५, फ्याक्स : ४४१७२४०
E-mail : roseoverseas@yahoo.com, roseovrs147@gmail.com, Web : www.roseoverseas.com.np
श्रम इजाजत नं. १४७/०५६/०५७

## Khanikhola Rural Municipality
## Office of the Rural Municipal Executive

Salmechakal, Kavrepalanchok
Bagmati Province, Nepal

**Invitation for Sealed Quotation**

**Date of Publication: 2081/11/25 (2025/03/09)**

1. Khanikhola Rural Municipality invites Sealed Quotation from registered suppliers for the procurement of Medicine and Surgical Items.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO egp system www.bolpatra.gov.np/egp and bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document as mentioned in table below in the following bank.
   Name of the Bank: Nepal SBI Bank Ltd.
   Name of Office: Khanikhola Rural Municipality
   GA 1.1 ANTARIK RAJASWA KHATA no .: 43195241207004
3. Electronic bids must be submitted to the office of Khanikhola Rural Municipality through PPMO website www.bolpatra.gov.np./egp on or before 12:00 noon on 2081/12/11 (2025/03/24). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 2081/12/11 (2025/03/24) at the office of Khanikhola Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of as mentioned below which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit the bid amount in Bank:
   Name of the Bank: Nepal SBI Bank Ltd.
   Name of Office: Khanikhola Rural Municipality
   KHANIKHOLA GAUPALIKA GA-3 DHARAUTI KHATA no : 43125240600003
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

| SQ No. | Name of Project | Total Estimated Amount Rs. | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| KRM-G-01-2081/2082 | PROCUREMENT OF MEDICINE AND SURGICAL ITEMS | 12,48,877.5 /- | 31,500 /- | 1,000 /- |

**Chief Administrative Officer**

## Temkemaiyung Rural Municipality
## Office of the Rural Municipal Executive

Annapurna, Bhojpur
Koshi Province, Nepal

**Invitation for Bids**

**Date of publication: 2081-11-25 (2025-03-09)**

1. Temkemaiyung Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract ID. No. | Description of work | Estimated Amount (With VAT) | Cost of Bid Document | Bid Security Amount | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1. | 09/BHO/TRM/ BLD/081/82 | Construction of Health Post Building at Temkemaiyung RM Ward No. 09 | NRs. 36,85,763.70 | NRs. 3,000.00 | NRs. 95,000.00 | 90 days | 120 days |
| 2. | 10/BHO/TRM/ BLD/081/82 | Construction of Basic Health Care Center Building at Temkemaiyung RM Ward No. 01 | NRs. 37,69,387.06 | NRs. 3,000.00 | NRs. 95,000.00 | 90 days | 120 days |
| 3. | 11/BHO/TRM/ LFS/081/82 | Construction of Dumping Site for Recycle, Reculture and Management of Solid Waste at Temkemaiyung RM Ward No. 03 | NRs. 87,29,140.07 | NRs. 3,000.00 | NRs. 2,20,000.00 | 90 days | 120 days |

2. All bidders shall only submit their bid electronically and bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hour on 2081-12-26 (2025-04-08). For more detail information download the bidding document and visit the office website www.tyamkemaiyummun.gov.np

**Chief Administrative Officer**

# ‘मधेशीको मुक्तिको जिम्मा, अब माओवादीले लिन्छ’

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २४ फागुन




पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मधेशवादी दलहरु अवसरवादको दलदलमा फसेकोले मधेशी दलबाट मधेशी जनताले अब मुक्ति पाउन नसक्ने बताएका छन् । मधेशी दलहरु पछिल्लो समय विभाजन हुँदै गएको र टुटफुटतर्फ उन्मुख रहेको हुँदा कथित मधेशवादी दलबाट मधेशी जनताले अब चाहेर पनि मुक्ति पाउन नसक्ने भएकोले मधेशी जनताको मुक्तिको सम्पूर्ण जिम्मा माओवादीले लिने प्रचण्डले बताए ।

‘जनतासँग माओवादी, तराई मधेश जागरण अभियान’ अन्तर्गत रौतहटको परोहा नगरपालिकाको लौकाहा बजारमा शनिबार आयोजित मधेश जागरण सभालाई सम्बोधन गर्दै माओवादी अध्यक्ष प्रचण्डले यस्तो बताएका हुन् ।

कार्यक्रममा बोल्दै प्रचण्डले सक्कली मधेशवादी दल माओवादी मात्रै रहेको र अन्य मधेशवादी दलहरू नक्कली भएको आरोप लगाए । उनले मधेशवादी दलहरुलाई नक्कली मधेशीदलको संज्ञा दिए। मधेशीको असली साथी माओवादी होइन भनीनक्कली मधेशवादी दलले जनतामा भ्रम फैलाएर वर्षौंदेखि मधेशी जनतालाई झुक्याउँदै आएको उनले आरोप लगाए ।

उनले मधेशी जनताले नक्कली मधेशवादी दलको भुलभुलैयाबाट अब बाहिरिनुपर्ने भन्दै मधेशीको हक र अधिकार दिलाउनेतर्फ लाग्ने एकमात्र पार्टी माओवादी भएको जिकिर गरे। मधेशको मुक्तिविना देशको मुक्ति सम्भव नरहेकोले अब माओवादीले शोषित, पीडित, चरम अन्याय, विभेद र उत्पीडनमा परेका मधेशी जनताको मुक्ति दिलाउनका लागि लागि परेको स्पष्ट पारे ।

१३ सय मधेशी जनताको बलिदानीपूर्ण संघर्षबाट देशमा प्राप्त भएको उपलब्धीलाई कसैले खतरामा पार्ने काम गरे आफुहरु पुनःजनआन्दोलन सुरु गर्ने प्रचण्डले चेतावनी दिए ।

उनले माओवादीले नै पहिलोपटक हुलाकी मार्ग केन्द्रित अभियान सुरु गरेको उल्लेख गर्दै मधेशको विकासका लागि माओवादी प्रतिबद्ध रहेको बताए। आफू प्रधानमन्त्री हुँदा भारत भ्रमणका क्रममा समकक्षी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई हुलाकी मार्ग निर्माणबारे ध्यानाकर्षण गराएपछि बल्ल निर्माण प्रक्रिया अघि बढेको उनले खुलासा गरे ।

प्रचण्डले मधेशमा सिँचाइ, मल बीउको अभाव, कृषि उत्पादन वृद्धि, शिक्षा र स्वास्थ्य क्षेत्रमा देखिएको कमीकमजोरीलाई सुधार गर्नेतर्फ माओवादी समर्पित भएर लाग्ने प्रतिबद्धता व्यक्त गरे । पूर्वप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई रौतहटमा ११० किलोको फूलको माला लगाएर स्वागत गरिएको थियो । ‘जनतासँग माओवादीः तराई मधेश जागरण अभियान’ अन्तर्गत शुक्रबार साँझ रौतहट पुगेका प्रचण्डलाई शनिबार परोहा नगरपालिका लौकाहा चौकामा आयोजित कार्यक्रममा पार्टी कार्यकर्ताहरूले ११० किलोको फूलको माला लगाएर स्वागत गरेका हुन् ।

पूर्वगृहमन्त्री एवं नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले भ्रष्टाचारहरुलाई रक्षा गर्न माओवादी नेतृत्वको सरकारलाई कांग्रेस र एमालेले ढालेको आरोप लगाए ।

वर्तमान सरकार निरंकुश रहेको र तस्कर तथा भ्रष्टाचारीको रक्षा गर्ने भएकोले भ्रष्टहरुको चुंगुलबाट देशलाई जोगाउन आफुहरु जनताको बीचमा आएको उनले बताए ।

वर्तमान सरकारका कारण देश गम्भीर संकटतर्फ धकेलिएको बताउँदै उनले संकटबाट देशलाई जोगाउनका लागि आफुहरु जागरण अभियानमार्फत जनतालाई जगाउने काम गरिरहेको र सरकारलाई खबरदारी गर्ने काम पनि गरिरहेको बताए। उक्त अवसरमा जनार्दन शर्मा, पम्फा भुसाल, महेन्द्रराय यादव, मातृका प्रसाद यादव, लगायत अभियानका नेताहरूको उपस्थिति रहेको थियो ।

# ‘महिला आन्दोलनबाट स्थापित हक अधिकारलाई प्रोत्साहन गर्न आवश्यक’




**काठमाडौं/मस–** महिला अधिकारका क्षेत्रमा क्रियाशीलहरूले महिला आन्दोलनबाट स्थापित हकअधिकार र मूल्यमान्यतालाई राज्यले प्रोत्साहन गर्न आवश्यक रहेको बताएका छन् ।

नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) महिला संघद्वारा शनिबार यहाँ ११५औं अन्तरराष्ट्रिय श्रमिक महिला दिवसका सन्दर्भमा आयोजित ‘वैकल्पिक राजनीति र महिला नेतृत्व’ विषयक कार्यक्रममा उनीहरूले राजनीतिमा संलग्न महिलालाई प्रेरित गर्न सबैले समान अवसर प्रदान गर्नुपर्ने धारणा राखे ।

पार्टीका उपाध्यक्ष मानुषी भट्टराईले वैकल्पिक राजनीति भनेको पश्चगमन नभइ राजनीतिलाई विधि, कानुन र व्यवहारबाट सु-संस्कृत तुल्याउनु रहेको उल्लेख गरिन् । उनले समान बाबु र आमाको नामबाट नागरिकताको प्रमाणपत्र जारी गर्ने कार्यले पितृसत्ता समाजको जग हलिएको विचार राखिन् ।

जनमत पार्टीकी नेत्री गोमा लाभ सापकोटाले राजनीतिक दलले अवसर र कार्य जिम्मेवारीमा महिलालाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याउँदै किसान र महिला अधिकारका मुद्दालाई आफ्नो पार्टीले प्राथमिकतामा राखेर काम गरिरहेको बताइन् ।

विवेकशील साझा पार्टीका नेत्री रञ्जु दर्शनाले राज्यको अर्थतन्त्र बलियो बनाउन र औद्योगिकीकरणको वातावरण बनाउन उद्योगधन्दा खोल्न प्रोत्साहन गर्ने नीति बनाउन आवश्यक रहेकामा जोड दिइन्। उनले भनिन्,‘नेपाली समाजमा अनुरोध गर्नेभन्दा आदेश दिनेलाई सम्मान गर्ने चलन भएकाले पनि महिलामाथिको विभेद अन्त्य गर्ने चुनौती छ । संविधान र लोकतन्त्रको रक्षाका लागि साझा बुझाइ र कार्यक्रम तय हुनुपर्छ ।’

अधिकारकर्मी कैलाश राईले महिला आफ्नो अधिकारका लागि भौतिक, मानसिक र सिद्धान्तका हिसाबले तयार रहनुपर्ने आवश्यकता औँल्याए। उनले महिला आर्थिक, शैक्षिक, मानसिक र सैद्धातिक रूपमा सक्षम हुनुपर्नेमा जोड दिए ।

अधिकारकर्मी तथा लेखिका इन्दु चौधरीले आफ्ना समुदाय र महिलाका हकअधिकार स्थापना गर्न निरन्तर आन्दोलनको नेतृत्व गरेकाले पश्चिम नेपालमा विभिन्न मञ्चको अवसर प्राप्त भइरहेको घटना सुनाइन्। उनले समाजमा देखिएका विभेद अन्त्य र लोकतन्त्र स्थापनाको यात्रामा महिलाले गरेको योगदान कतै उल्लेख नभएको जनाइन् ।

नेपाल समाजवादी महिला संघकी अध्यक्ष सुनिता काफ्लेले लोकतन्त्र स्थापनाका लागि बलिदानीपूर्ण संघर्ष गरेका महिलालाई अहिले पनि सडक र संसदमा ताली पड्काउने कार्यमा मात्र सीमित तुल्याइएको धारणा राखिन् । उनले राजनीतिक दल र राज्यका महत्वपूर्ण संयन्त्रमा पुरुषकै मात्र वर्चस्व रहेको बताइन् ।

# दूधको अवैध ओसारपसारले मर्कामा किसान

**नेपालगन्ज/मस–** बाँकेका खुला सीमा क्षेत्रबाट दूधको अवैध ओसारपसार हुँदा स्थानीय किसान मर्कामा परेका छन् । जिल्लाका विभिन्न सुइया, खडैचा, जमुनाहा, शिउपुरीलगायत नाकाबाट कम गुणस्तरीय दूध आयात भएर सस्तो मूल्यमा बिक्री वितरण हुँदा स्थानीय किसान मर्कामा परेका हुन् ।

दुग्ध उत्पादक संघका केन्द्रीय सदस्य इन्द्रप्रसाद लुइँटेलले खुला सीमा क्षेत्रबाट दैनिक एक हजार लिटर दूध अवैधरूपमा आयात भएको जिकिर गर्दै तत्काल यसको अन्त्य गर्न माग गरे । ‘किसानले उत्पादन गरेको दूधबाट व्यापारीलाई भन्दा किसानलाई फाइदा हुनुपर्छ तर भारतबाट आएको अवैध



दूधले यहाँको उत्पादनलाई विस्थापन गरेको छ’ उनले भने ।

लुइँटेलले रू३० देखि ५० सम्ममा भारतबाट भित्रिएको अवैध दूधको मूल्य रहेको जानकारी दिँदै भारतबाट आउने कम गुणस्तरीय दूध सेवनबाट स्वास्थ्यमा प्रतिकूल असर पर्ने बताए । उत्पादनका आधारमा राज्यले सुविधा दिएर किसानलाई प्रेरित गर्न आग्रह गर्दै उनले अवैध रूपमा भित्रिएको दूधबाट राज्यले कर पनि नपाएको र किसान पनि मर्कामा परेको गुनासो गरे । उनले भने, ‘कर्मचारीले नदेखेजस्तो गर्ने र प्रहरी पनि थाहा नपाएजस्तो गरेर अवैध दूधको आयात भइरहेको छ ।’

लुम्बिनी प्रदेशका कृषिमन्त्री दिनेश पन्थीले दूधको अवैध ओसारपसार प्रहरी र कर्मचारीबीच समन्वय र सहकार्यमा जोड दिँदै नागरिकका हैसियतले कर्तव्य र दायित्व पूरा गर्न सबैलाई आग्रह गरे । उनले अहिलेसम्म विभिन्न अभ्यास भएको तर त्यो पर्याप्त नभएकाले त्यसलाई नयाँ ढङ्गले छलफल गरेर न्यूनीकरण गर्न प्रयास गरिने बताए ।

# राइस मिल जग्गा विवाद : गौरमा सांसद सिंहको पुत्ला दहन

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २४ फागुन



रौतहट सदरमुकाम गौरमा मेयर शम्भु साहको बारेमा सांसद अमरेश कुमार सिंहले विवादास्पद अभिव्यक्ति दिएको भन्दै प्रदर्शन गरिएको छ ।

सांसद सिंहले मेयर साहमाथि गौर राइस मिलको ६ बिघा जग्गामा अनियमितता गरेको र भारतीय नागरिकलाई नेपाली नागरिकता दिलाएर नक्कली मोही खडा गरी जग्गामा चलखेल गरिरहेको आरोप लगाएका थिए ।

सांसद सिंहको यस अभिव्यक्तिप्रति असहमति जनाउँदै गौर नगरपालिकाका स्थानीयवासीहरुले सदरमुकाम गौरमा सांसद सिंहको पुत्ला दहन गरेका हुन् । उनीहरुले सांसद सिंहको अभिव्यक्तिलाई गलत र आधारहीन भन्दै विरोध प्रदर्शन गरेका छन् ।

यसअघि, मेयर साहले गौर राइस मिलको जग्गा अधिग्रहण गरेर क्रिकेट मैदान निर्माणको प्रक्रिया अघि बढाएको बताएका थिए । उनले जग्गा अधिग्रहणको ७५ प्रतिशत काम असार मसान्तसम्म सकिने र त्यसपछि स्टेडियम निर्माणको पहल गरिने योजना रहेको बताएका थिए ।

# क्यानभासमा कविता



**दोहा/मस–** नेपाली दूतावास कतारका प्रथम सचिव कवि कृशु क्षेत्रीद्वारा लिखित कवितासंग्रह ‘पसिनाको क्यानभास’ पुस्तकमाथि महफिलमा कविता क्यानभासको पलेटी बसाइ डेजर्ट रोज हलमा सम्पन्न भएको छ ।

मुस्लिमहरूको पवित्र महिना रमजानको अवसर पारेर नेपाली भाषा र साहित्यमा कलम चलाइरहेका कतारका अनेसास, नवोदितलगायत विभिन्न साहित्यिक संस्थामा आबद्ध रहेका लेखक, बुद्धिजिबी तथा मुर्धन्य साहित्यकारहरूको संयुक्त बसाइमा कविता साँझ ’क्यानभासमा कविता’ सम्पन्न भएको हो। खासगरी अरब र पाकिस्तानमा प्रयोग हुने महफिल शब्द अरबी शब्द ’महफल’ बाट आएको हो, जसको अर्थ ’बैठक’ भन्ने शब्द फारसी र उर्दूको माध्यमबाट भारतीय उपमहाद्वीपमा आएको र त्यहाँबाट नेपाली भाषा, साहित्य र संस्कृतिमा आयातित शब्दको रूपमा प्रयोग भयो, तर समय बित्दै जाँदा यो कला, संगीत, संगीतसँग जोडिएको छ। आजकल यसलाई धार्मिक, शैक्षिक, सामाजिक र साहित्य जमघटका लागि प्रयोग गरिने सजिलो शब्द बनेको छ ।

नेपाली विद्वान ,कवि, लेखक र सुफी संतहरू प्रायः महफिल सभाहरूमा भेला हुन्छन् र आफ्ना रचना अथवा ब्यानरमा उल्लेखित साहित्यिक विधामा कलात्मक रुपले रचना वाचन गर्दै उपस्थित सबैलाई श्रव्यदृश्य मर्मत संज्ञानहीन तुल्याउँछन्। धार्मिक र सुफी परम्परामा, मेहफिल संगीत र नृत्यको जमघटबाट कब्बालीमार्फत इश्वरलाई जोड्ने प्रयास गरिन्छ ।

महेफिल ’क्यानभासमा कविता’ सिर्जना बहस र वाचन गर्ने चर्चित साहित्यकारहरू प्रेम भट्टराई, सुरेश भट्ट आश्रिन, लीलानाथ कश्यप, शोभाराम ओली, सीताराम थापा, सोम थापा, नारायण निर्जल, चक्र कार्की, शिव सुवेदी, मणि पौडेल, श्यामराज रानाभाट, दिलीप पराजुली, पूर्णकान्छा गुरुङ र यादव रेग्मीलगायत सबैमा लेखक क्षेत्रीले कृतज्ञता व्यक्त गरेका छन् ।

# बस्ती संरक्षण गर्न तटबन्धन

**बागलुङ/मस–** बागलुङको गलकोटमा बस्ती संरक्षणका लागि दरमखोला र गौदीखोलामा तटबन्धन गर्न थालिएको छ। बर्खाको समयमा खोला उर्लिएर आउँदा गलकोट नगरपालिकाको हटिया बजार, दुधिलाभाटी, आँगाखेतलगायतका बस्ती जोखिममा पर्ने हुँदा तटबन्धन गर्न थालिएको हो ।



जलस्रोत तथा सिँचाइ विकास विभागबाट विनियोजित रू ५० लाखको लगानीमा तटबन्धन गर्न थालिएको गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले जानकारी दिए। नदी कटान रोक्नका लागि चालु आर्थिक वर्षमा गलकोट नगरपालिका-१, ३, ६ र ११ का बस्ती संरक्षण गर्न थालिएको उनको भनाइ छ । तटबन्धनको लागि उपभोक्ता समितिमार्फत काम तीव्र गतिमा भइरहेको भण्डारीले बताए । हिउँदमा पानीको बहाव कम हुँदा जोखिम नभए पनि बर्खामा खोला बढेर बस्तीमा पस्ने समस्या भएपछि तटबन्धन गर्न ताथिएको उनले बताए । गलकोट नगरको बजार क्षेत्र नदी किनारमा रहेको हुँदा कटान हुने जोखिम रहेको भण्डारीको भनाइ छ ।

अहिले गलकोट नगरपालिका-३ मा ३५ मिटर, वडा नम्बर ४ मा २७ मिटर, वडा नम्वर ६ मा ५६ मिटर, वडा नम्बर ११ मा ४४ मिटर तटबन्धन निर्माण भइरहेको तटबन्धन निर्माण समितिका अध्यक्ष राजेन्द्र श्रेष्ठले जानकारी दिए ।

**युएईमा रोजगार**
कम्पनी : DBB CONTRACTING LLC
पूर्व स्वीकृत मितिः २०८०/११/२७ चलानी नं.: ६०२१६२३३ L.T. No.: 301323
शहरः UAE
पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labourer | 73 | 0 | स. काममा दक्ष | 900 | ३३,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता रामजानकी ट्रेनिङ सेन्टर, जनकपुर धनुषामा २०८१ चैत ४ गते (17 March 2025) मा हुनेछ ।
अन्तर्वार्ता शिभम् ट्रेनिङ सेन्टर, जनकपुर धनुषामा २०८१ चैत ५ गते (18 March 2025) मा हुनेछ ।
अन्तर्वार्ता ओसो ट्रेनिङ सेन्टर, नेपालगञ्ज बाँकेमा २०८१ चैत ६ गते (19 March 2025) मा हुनेछ ।
अन्तर्वार्ता वल्ड नेट स्किल ट्रेनिङ सेन्टर, सुकेधारा काठमाण्डौमा २०८१ चैत ७ गते (20 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

EAST WEST PLACEMENT CENTER, INC PVT. LTD.
श्रम ईजाजत नं. ४३७/०६०/६१
Neelsaraswotisthan, Lazimpat, Kathmandu, Ph. No.: 01 4540514. Mobile No: 9851076181

*Vacancy Announcement*

A leading foreign recruitment agency is seeking the following position urgently.

**Public Relation Officer(PRO) - 3(Male/Female)**
2 to 3 Years Job Experience in Related Field of Manpower.

SALARY - NEGOTIABLE

SUNRISE H.R. SOLUTION PVT. LTD.
Gov. Lic No. 1216/074/075
Sinamangal, Kathmandu, Nepal, Tel: +977-01-5919928, 9829370370, Email: sunrisehrsolution2074@gmail.com

**Kakani Rural Municipality**
**Office of the Rural Executive**
**Ranipauwa, Nuwakot**
**Est: 2073**
**Bagamati Province**

**Notice No 07/COMP/KRM/081-082**

**Date of Publication: 2025/03/09**

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive Ranipauwa, Nuwakot invites a competitive Bidding from Eligible Bidders for the following works

| Contract No | Description | Estimate amount including VAT | Bid Security Amount | Bid security Validity period | Price of Bid Document | Last Date of Submission | Bid opening Date and Address |
|---|---|---|---|---|---|---|---|
| 08/krm/stationery /081-082 | Purchase of Stationery Items | 20,47,854 | 41,000 | 120 | 1000 | 2025/03/24 12:00 Hrs | 2025/03/24, 14:00 Hrs at office of municipal executive, Kakani, Ranipauwa |

2. Details of Bank for Cost Bid Document Agricultural Development Bank, Ranipauwa Branch Office Account no: 0213401251034093 (Kakani Rural Municipality Rajaswo Khata) and cash Deposit for Bid Security Agricultural Development Bank, Ranipauwa Branch, Deposit Account no 0213401251034042, Name of the Office: Kakani Rural Municipality, office of the Municipal Executive, Ranipauwa, Nuwakot
3. Eligible Bidders are advised to visit e-gp portal of PPMO's Website for further details or may contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa, Nuwakot , Telephone: 9851241660 and mailing Address: ito.kakanimun@gmail.com
4. Matters not covered by this notice shall be in accordance with public procurement Act-2063 and public procurement regulation 2064 and prevailing regulations and latest amendment.

मध्यान्ह
www.madhyanhadaily.com
२५ फागुन २०८१ आइतबार
9 March 2025, Sunday

## सम्पादकीय

# बढाउनुपर्ने गति

यस पटकको ८ मार्च शनिबारको दिन परेकाले अलग्गै सार्वजनिक विदा आवश्यकता परेन । यदि शनिबारबाहेकको दिन पर्थ्यो भने सार्वजनिक बिदासहित अन्तर्राष्ट्रिय नारी दिवस मनाइन्थ्यो । यस पटक शनिबारकै दिन अन्तर्राष्ट्रिय नारी दिवस परे पनि उत्सवमा भने कमी गरिएन । सरकारी निकायका तर्फबाट र सरोकारवालाहरूले लैंगिक समानताको वकालतसहित यो दिवस मनाए । ऱ्याली, सभा, अन्तरक्रिया, दीप प्रज्ज्वलन, लेखन प्रतियोगिता जस्ता गतिविधिहरूमार्फत महिलामाथि युगौंदेखि भइरहेको विभेदविरूद्ध आवाज उठाइयो । लैंगिक समानताको प्रतिबद्धता र खबरदारी गरियो । लैंगिक समानताका निम्ति आवश्यक कानुनी प्रबन्धबारे माग राखियो । अनि, युगौंदेखि विद्यमान सामाजिक कुपरम्परा तोड्न प्रोत्साहन गरियो ।

अन्तर्राष्ट्रिय नारी दिवसको उद्देश्य नै लैंगिक समानताका निम्ति आवाज उठाउनु हो । महिलाप्रति आर्थिक क्षेत्रमा विभेद गरिँदै आएकाले 'समान श्रमका निम्ति समान ज्याला'को व्यवस्था कायम गरिनु हो । राजनीतिक क्षेत्रमा चलिरहेको विभेदको अन्त्य गरिनु हो । लैंगिक समानताकै आन्दोलनले धेरै देशमा महिलालाई मतदानको अधिकार दिइएको थियो । नत्र पुरूषले मात्र मतदान गर्न पाउने र नेतृत्व चुनिने परम्परा धेरै देशमा थियो । त्यस्तो विभेदकारी प्रणालीको अन्त्य गरेर महिलालाई राजनीतिक र आर्थिक अधिकार दिलाउने भूमिका विश्वव्यापी महिला आन्दोलनकै कारण संभव भएको थियो । यद्यपि, नेपालको सन्दर्भमा मुक्ति आन्दोलन समानान्तर रूपले चल्यो । राणा, राजा र पञ्चायतविरूद्ध आन्दोलन चल्दा पुरूष सँगसँगै महिला पनि सहभागी भए । मतदान हुँदा चुन्ने र चुनिने अधिकार समान रूपले प्राप्त भयो ।

तर, अझै पनि लैंगिक समानता कायम हुन सकेको छैन । कानुनी प्रबन्धले नरोके पनि मनोवैज्ञानिक विभेदका कारण महिलाहरू कार्यकारी भूमिकामा स्थापित हुन सकेका छैनन् । संवैधानिक राष्ट्रपतिमा महिला पुगे पनि देश चलाउने प्रधानमन्त्री अझै महिला हुन सकेकी छैनन् । प्रधानमन्त्रीपछिको शक्तिशाली मानिने गृहमन्त्री महिला हुन सकेकी छैनन् । मन्त्रीहरूकै कुरा गर्दा २५ सदस्यीय वर्तमान मन्त्रिपरिषद्मा १ राज्यमन्त्रीसहित जम्मा ३ जना महिला मन्त्री छन् । प्रमुख दलहरूको नेतृत्वमा महिला छैनन् । राजनीतिक नेतृत्वमै महिला नहुँदा कर्मचारीतन्त्रमा महिला पुग्ने संभावना त्यसै न्यून हुन्छ । लीलादेवी गड्तौला पहिलो महिला मुख्य सचिव भर्खरै भइन् । गड्तौला पहिलो मुख्य सचिव बनिन् भन्ने कुराले परिवर्तन भइरहेको सन्देश गएको छ । प्रधानन्यायाधीश र सभामुखमा पनि १/१ पटक महिला नेतृत्व पुगेका छन् । यसलाई परिवर्तनकै संकेत मान्न सकिन्छ । यद्यपि, लैंगिक समानताको प्रयत्न अहिलेकै गतिमा सीमित रहनु हुन्न ।

# सग्लो एनआरएनए बनाउने सवाल

आज संस्थाको नाम लिँदा पनि कुनचाहिँ एनआरएनए ? भनेर प्रश्न गर्ने अवस्थामा पुगेको छ । यहाँ कोहीभन्दा कोही कमी छैनन् र भन्छन्, "गल्ती कसैले गरेकै छैन ।"...

अग्रलेख



● सागर नेपाल

अझै समय छ- एकताका नाममा मजाक नगरी सबैले आ-आफ्नो व्यक्तिगत वा झुन्डगत इगो र ईर्ष्यालाई कम गर्ने र अदालती विषय नबनाउने प्रण गर्नुपर्छ । तिथि र मिति तोकेर विश्वभरका एनसीसी र एनआरएनएहरूलाई फेरि एक पटक खुसी मात्र होइन, समुदाय र देश हितमा काम गर्ने हौसला प्रदान गर्ने आँट गर्नुपर्छ । अन्यथा, एनआरएनएको अन्त्यको दोष सबैमाथि लाग्ने छ...

गैरआवासीय नेपाली संघ (एनआरएनए) आफैंमा एकताको प्रतीक थियो, प्रवासीहरूका लागि एक आशा बनेको थियो । विभिन्न कारणले बिदेसिएका नेपालीहरूको भावनात्मक रूपमै भए पनि घर फर्कन्छन् भन्ने विश्वासको आधार बनेको थियो । तर, आज संस्थाको नाम लिँदा पनि कुनचाहिँ एनआरएनए ? भनेर प्रश्न गर्ने अवस्थामा पुगेको छ । यहाँ कोहीभन्दा कोही कमी छैनन् र भन्छन्, 'गल्ती कसैले गरेकै छैन ।' यो दयनीय अवस्थामा आउने थिएन होला, आज विभाजन मात्र होइन, संस्था नै एक गाली जस्तो बन्ने थिएन होला । नेतृत्वबाट कमजोरी भएको छ र गल्ती भएका छन् ।

पूर्वअध्यक्षहरूले आफूलाई ऐनामा हेरेर होइन, अगेनामा उभिएर महसुस गर्न जरुरी छ । व्यक्तिगत इगो र झुन्डको स्वार्थमा लीन हुँदै एउटा सामाजिक संस्थालाई अदालती झमेलामा होमेर संस्थाको मान्यता-उद्देश्यलाई नै अपमानित र गाली गराउनेहरू पनि लाज पचाएर अभियन्ताको तक्मा भिरेर कसरी रमाउन सक्छन् ? आज संस्था जुन हालतमा, जहाँ पुगेको छ, त्यो सबैको कारण केवल पूर्वअध्यक्षहरू नै हुन् । पूर्वअध्यक्षहरू सबैका आ-आफ्ना झुन्ड छन् र तिनै झुन्डलाई नै पूर्ण समाज सम्झन्छन् ।

स्मरण गरौं, सन् २००३ देखि २००९ सम्म खासै काम पनि भएन होला र विवाद पनि रहेन । संस्थालाई एनआरएनएहरूका बीचमा पुऱ्याउनु र परिचित गराउनु नै पहिलो काम थियो । नेपाल सरकारदेखि विभिन्न देशका निकायहरूसँगको सहकार्यको सुरुवात, विश्वभर प्रचारप्रसार र शाखाका रूपमा एनसीसीहरूको गठन, केही परोपकारी काममै केन्द्रित रहेको हुनुपर्छ । ३ कार्यकालसम्म एउटै अध्यक्ष हुँदा कता-कता सांगठनिक रूपमा केही साथीहरूले प्रश्न उठाउन सुरु गरेकै हुन् तर दोस्रो कार्यकालपछि आफू अध्यक्ष नहुने घोषणा नै गरिसके तापनि उपस्थित एनआरएनएहरूको दबाबमा संस्थापक अध्यक्षले तेस्रो कार्यकालको नेतृत्व गरेकै हुन् ।

कहीँ न कहीँ कार्यकालको अन्त्यसम्म पुग्दा अध्यक्षबाट आफ्नो सफलता पाउन नसकेको वा बनाउन नसकेको हो कि भन्ने देखिन्छ । त्यसैले होला राम थापा र भीम उदास जस्ता व्यक्तित्वहरू सधैं दोस्रो बेन्चमा बस्न बाध्य भए ।

सन् २००९-०११ का लागि घनीभूत छलफल र सहमतिको निर्णयलाई लात हान्दै जब सिंगो एनआरएन होइन, व्यक्तिगत समूहको खोजी गरियो, समस्या त्यहीँबाट सुरु भयो । यहीँदेखि नै एनआरएनएमा सहमति भन्ने शब्दको कुनै स्थान र अर्थ वा मान्यता नरहेको हो कि जस्तो लाग्छ । जटिल परिस्थितिमा संस्थाको साख जोगाउन राम थापाबाट देखाएको समझदारीलाई सम्मानसाथ हेर्न आवश्यक छ ।

सन् २०११/०१३ को कार्यकालमा संस्थामा अर्को बज्रपात भएकै हो । तत्कालीन कार्यसमिति के-कस्ता राम्रा काम गरे भन्ने कुरा सायद संस्थाको सामाजिक र आर्थिक प्रतिवेदनमा उल्लेख गरेको होला तर सन् २००३ देखि ९० प्रतिशतभन्दा बढी एनआरएनएहरूले मान्दै आएको र अन्तर्राष्ट्रिय रूपमा पनि अनुसरण भएको संस्थाको मुख्य परिचय- संस्थाको अस्तित्व वा भनौं संस्थाको परिभाषा नै परिवर्तन गरेर संस्था दर्ता भयो । के परिभाषा नै परिवर्तन गरेर १८२ दिनको ठाउँमा २ वर्ष बनाएर संस्था दर्ता गराउनु जरुरी थियो र ?

नेपाल सरकारले सहकार्य गर्दै आएकै थियो । संस्था दर्ता भयो र फरक मत राख्नेको आवाज दबियो र बोल्न छोडियो तर त्यसै कारणले गर्दा मध्यपूर्व र मलेसियामा कार्यरत लाखौं सच्चा र सही अर्थमा एनआरएनएहरूलाई टाढा राख्ने काम भयो । यस्तो भाष्य निर्माण गरियो कि मध्यपूर्व र मलेसिया वा कामदार भिसामा जानेहरू एनआरएनए होइनन् ।

सही अर्थमा त्यो नागरिक, जसले आफ्नो नागरिकता छाडेको छैन तर एक आर्थिक वर्षमा १८२ दिनभन्दा बढी विदेश (विधानमा सार्क मुलुकबाहेक) बसेको छ भने त्यस्तो नागरिकलाई गैरआवासीय भन्ने वा मान्ने गरेको प्रस्ट लेखिएको छ । अनि, कामदार भिसामा कार्यरत नेपालीहरू कसरी एनआरएनए भएनन् ? जसले नागरिकता त्यागे, ती हाम्रा दाजुभाइ, दिदीबहिनीहरू मात्र एनआरएनए हुन् भन्ने गलत भाष्य निर्माण हुनुको कारण संस्थाको परिभाषा परिवर्तन नै हो र स्वार्थीहरूले जानीजानी फैलाएको प्रपोगन्डा हो ।

'संसारका मजदुर एक हौं' भन्ने नारा लगाउनेहरू आज संसारभर फैलिएका हामी नेपालीहरू एक हौं भन्न किन सक्दैनन् ? सन् २०१३-०१५ कार्यकालको अध्यक्ष को बन्ने भन्ने कर्ममा निकै रस्साकस्सी भएकै हो, कतिपय



अग्रजहरूलाई अपमानित हुनेगरी बयानबाजी गर्न सुरु भएकै हो र संस्थाको विधानविपरीत गएर अध्यक्ष बनाउने र बन्ने काम सही थियो त ?

विधानलाई आफूखुसी व्याख्या गर्ने गलत कार्यको सुरुवात भएकै हो । व्यक्तिलाई नराम्रो भन्न खोजेको पटक्कै होइन तर विधान मिचेर अध्यक्ष बनाउनु गलत थियो, गर्नु हुँदैन थियो । सन् २०१३-०१५ र सन् २०१५-०१७ कार्यकालका अध्यक्षलगायत कार्यसमितिको कार्य गजबको थियो, सम्मानयोग्य थियो, चुनौतीपूर्ण तर सफल थियो । त्यसैले, ती कार्यकालमा हरेक आग्रहलाई सम्पूर्ण एनआरएनएहरूले आदेश मानेर पालना गर्ने गरेकै हुन् । साथै, नेपालमा त्यति ठूलो भूकम्पले पारेको क्षतिमा मह्लम बनेर एनआरएनए खडा हुन सकेको थियो र हजारौं भत्केका घरहरू निर्माण गर्न सकेको थियो । भोकाहरूले पेट भर्न पाएका थिए अनि कतिपयले शरीर ढाक्ने वस्त्र पाएका थिए ।

सन् २०१७-०१९ कार्यकालका लागि एनआरएनएहरूको साझा आमा बन्न सक्ने एक सबल र सक्षम नारी खोई ? कस्तो दबाबमा पर्ने अवस्था बन्यो र रातारात अध्यक्ष बन्ने दौडमा सरिक हुने अवस्था बन्यो ? त्यो बेला चुनावी माहोल अनि युवाहरूलाई कसले कसरी प्रयोग गरे ? त्यो बेलाका भिडियोहरू हेरेर बुझ्न सकिन्छ । युवाको जितमा धेरै रमाए र केहीले आशा पनि राखेकै हुन् तर मत कम आउने भनौं वा महिलाको हारमा एउटा पक्ष निराश मात्र होइन, संस्थामाथि नै प्रश्न गर्न थाल्यो र त्यसको असर नराम्रोसँग सन् २०१९-०२१ कार्यकालसम्म परिरह्यो । त्यतिबेलादेखि नै संस्थामा जातीय र क्षेत्रीय कुराहरूले पनि ठाउँ लिन थाले । सन् २०१९-०२१ सम्म आइपुग्दा इगो संस्थाभन्दा धेरै ठूलो भैसकेको थियो ।

तत्कालीन अवस्थासम्म पूर्वअध्यक्षमध्ये कतिपय बोलचाल नै बन्द भइसकेको थियो । सन् २०१९-०२१ कार्यकालका अध्यक्षका प्रत्याशीहरूको लामै लाइन रहे तापनि अन्त्यमा १ अध्यक्ष बन्न सफल भए । कार्यकालमा काम कति भयो/भएन, त्यो आलेख हेर्न सकिएला तर कार्यकालको अन्त्य दुःखद हुन पुग्यो ।

विगतका सम्पूर्ण इगो, ईर्ष्या र असमझदारीले यो कार्यकालको अन्त्यलाई राम्रैसँग असर गरेको थियो । अध्यक्ष जस्तो जिम्मेवार व्यक्तिले कहीँ कतै आफ्नो जिम्मेवारी पूरा गर्न नसकेको कुरा प्रस्ट देखिन्छ तर यो विगतदेखिकै लामो नालीबाट आएको कालो-मैलो, फोहोर सबै थिग्रेर बनेको कुवा जस्तै हुन पुगेको हो । यो कार्यकालमै मुद्दा-मामिला सुरु भयो, स्वार्थीहरूले राम्रैसँग खेले र संस्थालाई विभाजनसम्म पुऱ्याउन सफल भए, अधिवेशन नै दुइटा भए । एनआरएनए विधिवत् रूपमै २ चिरामा बाँडियो । यहाँ कस-कसलाई दोष दिन मिल्छ अब ?

सन् २०२१-२०२३ कार्यकालको सुरुवात नै गलत थियो भने यो कार्यकालबाट आमएनआरएनएहरूले खासै धेरै अपेक्षा गरेकै थिएनन् । एउटा संस्था र त्यो संस्थाको एक कार्यकालका लागि ३/३ जना अध्यक्ष बन्ने कुरा स्वाभाविक थिएन । मिलाउने नाममा संस्थालाई मजाक बनाए । राजनीतिक नेताहरूलाई डाइरेक्ट समावेश गराउन पुगे । नेताहरूको दौडधुप गजबको थियो र सबैतिर भ्याएकै थियो ।

३ अध्यक्षको कार्यकालमा ३ नयाँ काम भए कि भएनन्, थाहा भएन तर यो कार्यकालका पदीय जिम्मेवारी बोकेका नेताहरूबीचमा त्यति धेरै विवादास्पद अभिव्यक्तिहरू सुन्नुपरेन कि जस्तो देखिन्छ ।

अहिले चलिरहेको कार्यकालको अधिवेशन हेर्दा ठीकै होला जस्तो देखिन्छ । अध्यक्षका प्रत्याशी जति जना भए पनि अब त इतर पक्षको एनआरएनए अलि दह्रो होला किनकि चुनावबाट एउटा राम्रो टिम बन्ने छ । सबैतिरबाट सबल नेताहरू टिमभित्र आउलान् र संस्थाले नयाँ गति लेला भन्ने आशा गरेकै हो । कताको बहानामा एनआरएनएलाई अरू दलदलमा फसाए, कसले के-के हतकण्डा अपनाए, थाहा छैन तर दुर्भाग्यपूर्ण बन्यो ।

अझै समय छ- एकताको नाममा मजाक नगरी सबैले आ-आफ्नो व्यक्तिगत वा झुन्डगत इगो र ईर्ष्यालाई कम गर्ने र अदालती विषय नबनाउने प्रण गर्नुपर्छ । तिथि र मिति तोकेर विश्वभरका एनसीसी र एनआरएनएहरूलाई फेरि एक पटक खुसी मात्र होइन, समुदाय र देश हितमा काम गर्न हौसला प्रदान गर्ने आँट गर्नुपर्छ । अन्यथा, एनआरएनएको अन्त्यको दोष सबैमाथि लाग्ने छ । पैसाले किनेको अतिमहँगो 'फेस वास'ले रगड्दा पनि आ-आफ्नो अनुहारको दाग मेटिने छैन । बुझ्न धेरै ढिला भइसकेको छ ।

## इतिहासमा आज

९ मार्च २०१५ मा अमेरिकी राष्ट्रपति बाराक ओबामाले भेनेजुएलालाई देशका लागि राष्ट्रिय सुरक्षा खतरा घोषणा गर्दै कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए ।



९ मार्च २०२० मा महिला हत्याको उच्च दरको विरोधमा मेक्सिकोमा १ दिने राष्ट्रिय महिला हडताल गरिएको थियो ।



९ मार्च २०२२ मा युन सुक येओल दक्षिण कोरियाका राष्ट्रपति निर्वाचित भएका थिए ।



९ मार्च २०२२ मा प्रकृतिवादी चार्ल्स डार्विनका चोरी भएका नोटबुकहरू २२ वर्षपछि क्याम्ब्रिज विश्वविद्यालयको पुस्तकालयमा रहस्यमय रूपमा फेला परेका थिए ।



# नेपालमा नारी अधिकारको अवस्था

विचार



● रूपा अर्याल

नेपालमा नारी अधिकारको अवस्था केही सुधार भए तापनि लैंगिक समानता हासिल गर्न अझै धेरै मिहिनेत गर्न आवश्यक छ । सामाजिक चेतना, नीतिगत सुधार र सबै तहमा महिलाको समान सहभागिताले मात्र नारी अधिकारको वास्तविक सुनिश्चितता सम्भव छ...

नेपालमा नारी अधिकारको एजेन्डा पनि समयानुकूल परिवर्तन हुँदै आएको छ । ऐतिहासिक रूपमा पुरुषप्रधान समाजमा नारीहरूलाई दोस्रो दर्जाको नागरिकका रूपमा हेर्ने परम्परा थियो । सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक क्षेत्रमा महिलाहरूको सहभागिता सीमित थियो । यद्यपि, पछिल्लो समय कानुनी सुधार, चेतनाको विकास र आन्दोलनहरूको प्रभावले नारी अधिकारको अवस्था केही सुधार हुँदै गएको छ ।

नेपालको संविधान, २०७२ ले महिलालाई समान अधिकारको प्रत्याभूति दिएको छ । मौलिक हकअन्तर्गत लैंगिक विभेदविरुद्धको अधिकार, समान पारिश्रमिकको हक, सम्पत्तिमा समान अधिकार र राजनीतिक सहभागितामा आरक्षणको व्यवस्था उल्लेख गरिएको छ । कानुनी रूपमा महिलालाई पुरुषसरहका अधिकार प्रदान गरिए तापनि व्यावहारिक रूपमा ती अधिकारको कार्यान्वयन चुनौतीपूर्ण छ । शिक्षामा महिलाको पहुँचमा सुधार आएको देखिए पनि ग्रामीण क्षेत्रमा अझै पनि छोरीहरूको शिक्षामा विभेद कायमै छ । गरिबी, सामाजिक परम्परा र बालविवाह जस्ता कारणले धेरै बालिकाहरू विद्यालय जानबाट बञ्चित हुन्छन् । महिलाको साक्षरता दर पुरुषको तुलनामा कम छ, जुन शिक्षामा असमान पहुँचको स्पष्ट संकेत हो ।

स्वास्थ्य सेवामा पनि महिलाहरूले विभेदको सामना गरिरहेका छन् । सुरक्षित मातृत्व सेवा, परिवार नियोजन र यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवाहरूमा सबै महिलाको समान पहुँच छैन । ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा केन्द्रको अभाव, गरिबी र अशिक्षाका कारण महिलाहरूले आधारभूत स्वास्थ्य सेवा पाउन कठिनाइ भोग्नुपरेको छ । नेपालको श्रम बजारमा महिलाहरूको सहभागिता वृद्धि हुँदै गएको छ । कृषि, घरेलु कामदार र औद्योगिक क्षेत्रमा महिलाहरूको उपस्थिति देखिन्छ । तर, उनीहरूले गरिरहेको कामको उचित मूल्यांकन हुँदैन । समान कामका लागि समान ज्यालाको कानुनी व्यवस्था भए तापनि व्यवहारमा महिलाहरूलाई कम पारिश्रमिक दिइन्छ । घरायसी काम तथा हेरचाहको श्रमलाई आर्थिक रूपमा मान्यता नदिइनुले महिलाहरूको श्रमको अवमूल्यन गरेको छ ।

राजनीतिक क्षेत्रमा महिलाको सहभागिता उल्लेखनीय रूपमा बढेको छ । स्थानीय तहमा ४० प्रतिशत महिलाको सहभागिता अनिवार्य गरिएको छ । यो व्यवस्था महिलाको निर्णय प्रक्रियामा पहुँच अभिवृद्धि गर्ने प्रयास हो । तर, राजनीतिक नेतृत्वमा महिलाहरू अझै पनि दोस्रो पंक्तिमा सीमित छन् । पार्टी नेतृत्व, नीति निर्माण तह तथा कार्यकारी पदहरूमा महिलाको प्रतिनिधित्व न्यून छ । महिलामाथि हुने हिंसाका घटनाहरू अझै पनि गम्भीर चुनौतीका रूपमा रहेका छन् । घरेलु हिंसा, दाइजो प्रथा, बालविवाह, बलात्कार तथा मानव बेचबिखन जस्ता समस्या व्यापक रूपमा विद्यमान छन् । कानुनी रूपमा यी घटनाहरूलाई अपराध मानिए तापनि पीडित महिलाहरूले न्याय पाउन कठिनाइ भोगिरहेका छन् । सामाजिक बदनामी, परिवारको दबाब तथा न्यायिक प्रक्रियाको झन्झटले महिलाहरू न्याय खोज्न हिच्किचाउने गर्छन् । सांस्कृतिक रूपमा महिलाहरूलाई पारिवारिक जिम्मेवारीमा सीमित राख्ने परम्परा अझै पनि जरा गाडेर बसेको छ ।

नारी अधिकारका क्षेत्रमा भएका सुधारहरू सकारात्मक भए पनि, ती अधिकारको प्रभावकारी कार्यान्वयन, सामाजिक चेतनाको विकास र कानुनी संरचनाको मजबुतीबिना महिला सशक्तीकरण सम्भव छैन । कानुनी सुधार, शिक्षामा समान पहुँच, आर्थिक आत्मनिर्भरता तथा हिंसाविरुद्धको प्रभावकारी कानुनी कारबाहीले मात्र महिला अधिकारको सुनिश्चितता गर्न सकिन्छ । नेपालमा नारी अधिकारको अवस्था केही सुधार भए तापनि लैंगिक समानता हासिल गर्न अझै धेरै मिहिनेत गर्न आवश्यक छ । सामाजिक चेतना, नीतिगत सुधार र सबै तहमा महिलाको समान सहभागिताले मात्र नारी अधिकारको वास्तविक सुनिश्चितता सम्भव छ । यसका लागि सरकार, नागरिक समाज तथा समुदायको साझा प्रयास अनिवार्य छ ।

## सामाजिक सञ्जाल



**रञ्जित तामाङ**

कुलमान घिसिङलाई हटाउन सुपारी खाएका कांग्रेस र एमालेलाई एउटा सुझाव : बीपी कोइराला र मदन भण्डारीका सालिकहरू झिक लाएर उखेल्देऊ अनि त्यो ठाउँमा रूखको तेस्रो हाँगामा टुप्पातिर बसेर फेद काट्दै गरेको कालीदासको सालिक राख । पढ्नुअघिको कालीदासलाई साँझ-बिहान धुप बत्ती गर्दै पूजापाठ गर ।

स्वास्थ्य सचिवको पहिलो वरीयताक्रममा रहेकी डा. संगीता मिश्रलाई नियोजित रूपमा स्वास्थ्यमन्त्री प्रीदप पौडेल र नेपाल सरकारले सचिव बन्न दिएनन् । यो सरकार सुरुदेखि नै महिलाविरोधी, जनजाति, दलित र मधेशीविरोधी कामहरू गर्दै आएको छ । के मधेशी, जनजाति, दलित महिला नेतृत्वका लागि सक्षम छैनन् ?



**डा. अमरेशकुमार सिंह**



**निर्मल प्रसाई**

कुलमानलाई स्पष्टीकरण सोध्यो, कुलमानलाई शून्य नम्बर दियो । बालेनलाई कर्मचारी नपठाएर असहयोग गऱ्यो । राजा ज्ञानेन्द्रको शाहको गतिविधिबाट चिन्तित बन्यो, बस्यो । यस्तो कामकाजले कसरी सिंगापुरको समृद्धिसँग टक्कर लिन सकिन्छ, कसरी अन्तरिक्षमा नेपाली ध्वजाबाहक यान पुग्छ ?

अचम्म लाग्छ, कहीँ कतै हतार नहुने नेपालीलाई बाटोमा पुगेपछि अति नै हतार हुन्छ । चाहे त्यो पैदल यात्री, मोटरसाइकलवाला, निजी गाडीवाला वा सार्वजनिक गाडीवाला नै किन नहोस् । आफ्नो जिम्माको काम पूरा गर्न बरु घरमा, अफिसमा र सेवामा हतार गरौं । कृपया, बाटोमा हतार नगरौं । दुर्घटना हुन्छ ।



**मुमाराम खनाल**

# 'एमालेलाई बलियो बनाउन जरा अभियान'



**राँझा/मस**–नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले एमालेलाई बलियो बनाउनका लागि वडा केन्द्रित 'जरा अभियान' सञ्चालन गरिएको बताएका छन् ।

नेकपा एमाले स्थानीय विकास विभागले शनिबार नेपालगञ्जमा आयोजना गरेको स्थानीय तह निर्वाचनमा नेकपा एमालेबाट प्रत्यासी उम्मेदवारलाई सम्मान तथा अभिमुखीकरण कार्यक्रममा उनले जरा केन्द्रित अभियान र मिसन-२०८४ ले एमालेलाई अझ सशक्त शक्तिका रूपमा स्थापित गर्ने बताए ।

महासचिव पोखरेलले नेकपा एमालेलाई निर्णायक शक्ति निर्माण गर्ने यात्रामा स्थानीय तहका पूर्वजनप्रतिनिधिका साथै तहका युवा वर्गको योगदान हुनेमा आफू विश्वस्त रहेको बताए । सुदृढ राजनीतिक दलबाट नै राष्ट्र निर्माण हुने उनको तर्क थियो । 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्न आफ्नो दल क्रियाशी रहेको उनको अभिमत थियो ।

नेकपा एमाले बाँके स्थानीय विकास विभाग प्रमुख मीन मल्लको अध्यक्षतामा भएको कार्यक्रममा पार्टी केन्द्रीय सदस्य सूर्य ढकाल, दीपा शर्मा, शान्ति ढकाल,मोहम्मद हारुन हलवाई, पशुपतिदयाल मिश्रा सहभागी थिए ।

# जुम्लामा 'दिमा आमा घर' संचालन

**मध्यान्ह संवाददाता**
जुम्ला, २४ फागुन

घरेलु तथा लैंगिक हिंसा एवं अन्य प्रकारका हिंसाबाट पीडित महिलाहरूको संरक्षण तथा पुनर्स्थापनाका लागि जुम्लामा 'दिमा आमा घर'सञ्चालनमा आएको छ।

हिंसाका घटनाबाट प्रभावित महिलाहरूलाई आश्रय, मनोवैज्ञानिक परामर्श, कानुनी सहायता तथा आत्मनिर्भर बनाउन विभिन्न सीपमूलक तालिम दिने उद्देश्यले जुम्ला चन्दननाथ नगरपालिका ६ मा दिमा आमा घर सञ्चालन गरिएको हो । सात जना घरेलु हिंसापीडित महिलाहरुले स्थापना गरेको उक्त आमा घरको ११५ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा शनिबार उद्घाटन गरिएको छ । जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्य, गाउँपालिका राष्ट्रिय महासंघका केन्द्रीय सदस्य तथा सिँजा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धिताल, प्रमुख जिल्ला अधिकारी रामबहादुर शाही, तातोपानी गाउँपालिका उपाध्यक्ष रेवती रावल, संस्थाका अध्यक्ष दिलमाया शाहीसहितले उक्त आमा घरको उद्घाटन गरेका छन् ।



कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख आचार्यले यो आमा घर कर्णाली प्रदेशकै नमूना घरको रुपमा रहने बताए । उनले यस कार्यमा एक्लै नभइ सबैको सहकार्य आवश्यक रहेको बताए ।

त्यस्तै सिँजा गाउँपालिका जुम्लाका अध्यक्ष पूर्णप्रसाद धितालले यो आमा घरको लागि गाउँपालिकाले सहयोग गर्ने बताए । त्यस्तै प्रमुख जिल्ला अधिकारी शाहीले हिंसाबाट महिला र बालबालिका आउने महिला तथा बालबालिकाहरुको लागि आमा घरको भूमिका महत्वपूर्ण रहने बताए । सुरक्षित घरबाट अल्पकालिन आश्रयबाट पहिला आश्रय दिने, कानूनी उपचार गर्ने, स्वास्थ्य उपचारपछि पुनर्स्थापना गर्ने आशा पलाएको उनको भनाइ छ ।

प्रजिअ शाहीले हिंसापीडितहरूको पुनर्स्थापनाका लागि स्थानीय सरकार, सुरक्षा निकाय, गैरसरकारी संस्था तथा सरोकारवालाहरूको सहकार्य आवश्यक रहेको बताए । त्यस्तै तातोपानी गाउँपालिका जुम्लाका उपाध्यक्ष रेवती रावलले समाजमा शोषित पीडितका र हिंसा पीडित महिलाका लागि गरिएको यो काम निकै राम्रो भएको बताइन् ।

वरिष्ठ अधिवक्ता देवेन्द्रप्रसाद शर्माले हिंसा पीडित महिलालाई कानूनी निकायमा लिन यो संस्थाले थप काम गर्नेमा जोड दिए ।

त्यस्तै एकीकृत अखिल नेपाल शिक्षक संगठन जुम्लाका अध्यक्ष जय शंकर धितालले हिंसा, अन्याय र विभेदविरुद्ध उठ्ने प्रत्येक आवाजलाई साथ दिन आवश्यक रहेको बताए ।

संस्थाकी अध्यक्ष शाहीले जुम्लामा हिंसा पीडित महिलाहरुको सशक्तिकरण, आपतकालिन आश्रय, न्याय पैरवीका लागि दिमा आमा घर स्थापना गरिएको बताइन् ।

# एकै पालिकाका ५ सय महिला आयआर्जनमा जोडिए




**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २४ फागुन

भूमिकास्थान नगरपालिकाले सञ्चालन गरेको 'कर्मशील जनशक्ति परिचालन' कार्यक्रम प्रभावकारी बन्दै गएपछि त्यहाँका ५ सय महिलाहरु आयआर्जनमा जोडिएका छन् । बाँझो जग्गा खनेर गहत, प्याज र विभिन्न तरकारी खेतीबाट मनग्य आम्दानी गरेका कर्मशील महिला उद्यमीले अहिले आफै तयार पारेका मकैको पोष्कर थाकेको पातबाट बनेका झोला टोपी हस्तकलाका सामग्री गाउँमा उत्पादन गरेर विदेशमा निर्यात गर्न थालेपछि सो आयआर्जनमा महिलाहरु उत्साहित भएर लागेका छन् ।नगरपालिकाले बेरोजगारी समस्या अन्त्य गर्ने स्वरोजगार सिर्जना गर्ने, बसाइँसराइ नियन्त्रण गर्ने र आन्तरिक आम्दानी वृद्धि गरी भूमिकास्थानलाई आत्मनिर्भर बनाउने लक्ष्यका साथ कर्मशील कार्यक्रम सुरु गरेको भूमिकास्थानले मकैको पोस्कर र थाकलको पातबाट निर्माण हुने हस्तकला सामग्रीलाई व्यावसायिक रूपमै अगाडि बढाएपछि महिलाहरु उत्साहित छन् ।

भूमिकास्थान नगरपालिकाका १० वटै वडामा १०/१० जनाको टोली बनाएर तालिम दिएर स्वरोजगार सिर्जना गरेको नगरपालिकाले अहिले महिलाहरुलाई व्यवसायिकतामा जोडेको प्रमुख प्रशासकीय अधिकृत जगदीशचन्द्र नेपालीले जानकारी दिए ।

नेपालीले भने,'मकैको पोस्कर र थाकल (वनस्पती) बाट झोला र टोपी बनाउन सिकाउने तालिम दिएका थियौ । अहिले यो प्रभावकारी बनेको छ ।'

यसलाई 'कर्मशील जनशक्ति रोजगार कार्यक्रम-२०८१' नाम दिइएर कानुन निर्माण गरिएको नगरप्रमुख झबिलाल थापाले बताए ।

'हाम्रो यस प्रयासलाई ओमश्री मल्टिएग्रो प्रालिले सघाइरहेको छ' नगरपालिका का उपप्रमुख बालकृष्ण बन्जाडेले भने,'पहिला तालिम दिएपछि कम्पनीले प्रतिक्विन्टल १५ हजारको दरले पोस्कर खरिद गरेको छ । यसरी तयार भएको झोला र टोपीको बजारीकरण पालिकाले गरेपछि महिलाहरु लाखौं रुपैयाँ कमाउने भएका छन् ।'

नगरपालिकाले काम सिकाएका महिलाहरु अहिले १० बजेदेखि ५ बजेसम्म रोजगार दिने र त्यसबापत् प्रत्येकलाई ६६८ रुपैयाँ दैनिक ज्याला पालिकाले दिने गरेको छ । पालिकाबाट बेरोजगारी समस्या अन्त्य गर्ने योजना अन्तर्गत बाँझो खेत जोत्ने अभियान पनि सँगसँगै नगरपालिकाले सुरु गरेको छ

# देशभरका शिक्षक आन्दोलनमा

**काठमाडौं/मस**–देशभरका शिक्षकहरु फेरि सडक आन्दोलनमा उत्रिएका छन् । शनिबार शिक्षकहरुले काठमाडौंको माइतीघरदेखि नयाँबानेश्वरसम्म बृहत् प्रदर्शन गरेका हुन् ।

नेपाल शिक्षक महासंघको नेतृत्वमा देशैभरका शिक्षकहरु काठमाडौंमा केन्द्रित भई शिक्षा ऐन जारी गर्न दबाब दिन बृहत् आन्दोलन गरिएको हो । उनीहरु माइतीघर मण्डलाबाट नारा जुलुस गर्दै नयाँ बानेश्वरसम्म पुगेका छन् ।

विगतका सबै सहमति सम्बोधन हुने विद्यालय शिक्षा ऐन जारी गर्न राज्यलाई बाध्य पार्न उनीहरुले आन्दोलन गरेका हुन् । महासंघले चरणबद्ध आन्दोलनको घोषणा गरेको छ । यसअघि २०८० मा सरकारसँग भएको सहमति अनुसार शिक्षा ऐन जारी हुनुपर्ने उनीहरुको माग छ । आन्दोलनमा सहभागी नेपाल ट्रेड युनियन कांग्रेसका महासचिव अजय कुमार राई आफू भौतिक रुपमै आन्दोलनमा ऐक्यबद्धता जनाउन आएको बताउँदै पटक-पटक सम्झौता भएका मुद्दाहरुलाई कार्यान्वयन नगर्नु भनेको राज्यको दृष्टिकोण श्रमजीबी वर्गप्रति सकारात्मक नहुनु रहेको बताए ।




'राजनीतिक दलहरु पनि श्रमजीवी वर्गप्रति अनुदार हुनुको कारण फेरि शिक्षक साथीहरु आन्दोलनको मैदानमा उत्रनु परेको हो । त्यसर्थ विद्यालय शिक्षा ऐन सरकारले यथाशिघ्र जारी गर्नु पर्दछ । ट्रेड युनियन कांग्रेसको यही धारणा छ,' उनले भने ।

# महिनावारी स्वास्थ्य र स्वच्छतासम्बन्धी फोटो प्रदर्शनी



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २४ फागुन

बर्दियाको गेरुवा गाउँपालिकामा महिनावारी स्वास्थ्य र स्वच्छता सम्बन्धी फोटो कथा प्रदर्शनी गरिएको छ । युके एडको आर्थिक सहयोग तथा वाटर एडको प्राविधिक सहयोगमा ब्याकवार्ड सोसाइटी इजुकेशन(बेस)द्वारा सञ्चालित वास गेन्स परियोजना अन्तर्गत फोटो कथा प्रदर्शनी गरिएको हो । गेरुवा गाउँपालिका वडा नं. ५ स्थित पशुपति माध्यमिक विद्यालयमा आयोजना गरिएको प्रदर्शनीमा सहभागी छात्रछात्राहरुले घरपरिवार, समुदाय तथा विद्यालयमा भोगी रहेका महिनावारी समस्या तथा फोहर व्यवस्थापनका बारेमा फोटो कथाका रूपमा प्रदर्शनीमा प्रस्तुत गरिएको थियो । उनीहरुले प्लास्टिकजन्य फोहोरको व्यवस्थापनमा भएको समस्या, समाजमा विद्यमान छाउपडी अभ्यास एवम् महिनावारीको बेलामा गरिने बन्देज तथा जोखिमपूर्ण मान्यताहरुले किशोरीहरुको पढाइमा पर्न गएको बाधाका बारेमा आफ्नै कथा फोटोमार्फत व्यक्त गरेका थिए ।

त्यस्तै महिनावारी भएका बेला अपाङ्गता भएका किशोरीहरुले भोग्नु परेको चुनौतीलाई समेत फोटो कथामार्फत उजागर गरेका थिए । प्रदर्शनीमा विद्यालयभित्र सेनेटरी प्याडको गुणस्तर, महिनावारी आराम कक्षको उचित व्यवस्थापन तथा फोहर व्यवस्थापनको अभ्यास एवम् जलाएर फोहर व्यवस्थापन गर्दा उत्पन्न हुने दुर्गन्ध र धुँवाले पारेको समस्याका बारेमा फोटोमार्फत कथा प्रस्तुत गरेका थिए ।

यसरी छात्रछात्राले प्रदर्शनीका लागि राखेको फोटो कथा गाउँपालिकाका पदाधिकारीहरु, अभिभावकहरु, विद्यार्थी एवम् शिक्षकहरुले अवलोकन गरेका थिए । अवलोकन पश्चात राखिएको अन्तरक्रिया कार्यक्रममा महिनावारी स्वास्थ्य र स्वच्छता सम्बन्धी देखिएका समस्याहरुको समाधानका लागि गाउँपालिका लागि पर्ने गेरुवा गाउँपालिका सामाजिक विकास समिति संयोजक निर्मल चौधरीले प्रतिबद्धता जनाए । परियोजनाको कार्य क्षेत्र अन्तर्गतको पशुपति माध्यमिक विद्यालय पशुपतिनगरकै ६ जना छात्रछात्रा छनोट गरी एकहप्ते सहभागितामूलक फोटोग्राफी तालिम प्रदान गरिएको थियो । करिब १ महिना लगाएर उनीहरुले फोटो कथा तयार गरी प्रदर्शनीमा राखेका थिए ।

**नाम परिवर्तन सम्बन्धि सूचना**

**प्रकाशित मितिः २०८१/११/२५**

यस **वेस्ट आइ.टी. प्रइस डट कम** अंग्रेजीमा Best I.T. Price.Com (Pvt.Ltd.) प्रा.लि. (र.न. ९६२०२/०६९/०७०) को मिति ०८१/१०/३ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम यस कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरि परिवर्तित नाम **वेस्ट आइ.टी. प्राइस डट कम (प्रा. लि.)** अंग्रेजीमा Best I.T. Price Dot Com (Pvt. Ltd.) कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

Government of Nepal
**Ministry of Urban Development**
**Department of Urban Development And Building Construction**
**Federal Urban Development And Building Construction Office**
Birendranagar, Surkhet

**Invitation For Bids (IFB)**

**Notice No: FUDBCO/Surkhet/Work/NCB/12/081/82**
**First date of publication: - 09 March 2025 (2081/11/25)**

1. Federal Urban Development And Building Construction Office Birendranagar Surkhet invites electronic bids from eligible bidders for the Construction of the works under National Competitive Bidding - procedures, mentioned in the table below.

| S.N. | Contract No. | Description of Work | Estimated Amount (without VAT) | Bid Validity/ Bid Bond Validity Period | Average Annual Construction Turnover Amount (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | FUDBCO/ Surkhet/Works/ NCB/50/081/82 | Sabha Hall Construction Works at Dullu municipality Dailekh | 85,77,263.56 | 90 days/120 days from the date of Bid opening | - | 2,55,000.00 | 3,000.00 |
| 2 | FUDBCO/ Surkhet/Works/ NCB/51/081/82 | Construction of Covered Hall and Sports Ground at Dullu municipality Dailekh | - | 90 days/120 days from the date of Bid opening | 3,93,00,000.00 | 11,75,000.00 | 5,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of FUDBCO Surkhet (telephone: 083-520268) during office hours or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.s

**Office Chief**

**पर्यटन डिभिजन कार्यालय, रूपन्देही**
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
**प्रकाशित मिति : २०८१/११/२५**

मिति २०८१/१०/२२ गते प्रकाशित सूचना अनुसार सूचनाको म्यादभित्र पर्न आएका तपसील बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा २ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स | कार्यक्रमको नाम | ठेक्का नं | बोलपत्रदाताको नाम | कबोल अंक (मू.अ. कर र PS समेत) |
|---|---|---|---|---|
| 1 | Construction Of Toilet, Picnic Shed,View Point & Steps with Steel Railing at Khya Hill Station Ribdikot -01, Palpa | TDO/RUP/NCB /081/082/93 | Nilakantha Construction Pvt. Ltd, Rurukshetra-05, Gulmi | 41,28,508.34 |
| 2 | Construction of Pujari Ghar, Entrance Gate, Boundary wall & Stone Paving Work at Mahal Pokhari Sunwal-4, Nawalparasi | TDO/RUP/NCB /081/082/94 | Y.P. Nirman Sewa, Sunwal-04, Nawalparasi | 83,02,888.23 |
| 3 | Construction Of Boundary Wall, Steps, Gate & Interlock Block Work at Panini Uddhan View Point Butwal -13, Rupandehi | TDO/RUP/NCB /081/082/95 | Aayam Builders And Suppliers, Kathmandu-09, Kathmandu | 19,07,907.59 |
| 4 | Completion Of Existing Temple at Baishno Badi Temple Gaidahawa- 07, Rupandehi | TDO/RUP/NCB /081/082/96 | Rama And Sons Construction, Lumbini Sanskritik-07, Rupandehi | 21,75,458.15 |
| 5 | Construction Of Temple & Retaining Wall at Ruru Kshetra -1, Lamachaupari Gulmi | TDO/RUP/NCB /081/082/97 | Tilismi Construction Pvt. Ltd, Rurukshetra-01, Gulmi | 37,64,668.11 |

**कार्यालय प्रमुख**

गरेको थियो ।

प्रतिष्ठित अमेरिकी अखबार 'द न्युयोर्क टाइम्स'ले निर्देशक रौनियारलाई संसारका नौ उदीयमान निर्देशकको सूचीमा समावेश गरेको थियो । ब्राजिलियन लेखक पाओलो कोहेलोले सार्वजनिक रूपमै रौनियारको प्रशंसा गरेका थिए ।

सिनेमाको निर्माणमा आदि फिल्म्सका तर्फबाट निर्देशक रौनियार र अभिनेत्री मगराती, बाँसुरी फिल्म्सका तर्फबाट रामबाबु गुरुङ र मनिराम पोखरेल, अभिनेता दयाहाङ राई तथा तन्हाउसर गेटका तर्फबाट एलन आर मिलिगनले सहकार्य गरेका छन् । यो सिनेमालाई नेपालमा टिफल्क र ब्यांकटेस इन्टरटेनमेन्टले संयुक्त रूपमा रिलिज गर्ने भएका छन् ।

# आशा मगराती स्विट्जरल्यान्डको महोत्सवमा जुरी सदस्य



**काठमाडौं/मस–** आगामी १ चैतदेखि प्रदर्शनको तयारीमा रहेको सिनेमा 'राजागंज'की मुख्य अभिनेत्री आशा मगरातीलाई स्विट्जरल्यान्डको प्रतिष्ठित फ्रिबर्ग अन्तर्राष्ट्रिय सिनेमा महोत्सवको अन्तर्राष्ट्रिय जुरी सदस्यमा मनोनीत गरेको छ । अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा यो खबर आयोजक संस्थाले सार्वजनिक गरेको हो ।

फ्रिबर्ग अन्तर्राष्ट्रिय सिनेमा महोत्सवले आफ्नो वेबसाइटमार्फत अभिनेत्री मगरातीलाई जुरी सदस्यमा मनोनीत गरेको जानकारी दिएको छ ।

'राजागंज' प्रदर्शन अगावै अभिनेत्री मगरातीलाई ठूलो उपलब्धि प्राप्त भएको हो । यो महोत्सवमा सन् २०१७ मा उनको अभिनय रहेको 'सेतो सूर्य'ले ४ अवार्ड जितेको थियो ।

यो महोत्सवको ३९औं संस्करणको कथानक प्रतिस्पर्धातर्फ नेपालबाट अभिनेत्री मगरातीसहित बेलायती छायाकार डेरेक हडसन र स्विस अभिनेत्री तथा पियानोवादक अन्ना पिएरी जुरचर पनि जुरी सदस्यमा मनोनीत भएका छन् । यस वर्षको फ्रिबर्ग महोत्सवमा अभिनेत्री आशा मगरातीको शीर्ष भूमिका रहेको 'राजागंज' पनि प्रिमियर हुँदै छ ।

यस वर्षको फ्रिबर्ग अन्तर्राष्ट्रिय सिनेमा महोत्सव मार्चको २१ देखि ३० सम्म स्विट्जरल्यान्डमा आयोजना हुँदै छ । १ चैतमा नेपालमा सिनेमा रिलिज भएपछि आशा महोत्सवका लागि स्विट्जल्यान्ड उड्ने छन् । यतिबेला उनी 'राजागंज'को प्रचारमा व्यस्त छन् । सिनेमामा आशासहित दयाहाङ राई, विजय बराल, ऋचा शर्मा, पशुपति राई, पूर्व मिस नेपाल निकिता चण्डक, गौमाया गुरुङ, पुष्पा यादव, आरती मण्डल, घनश्याम मिश्र, परमेश्वरकुमार झा, निरज श्रेष्ठलगायतको अभिनय छ ।

सिनेमाले भेनिस, ह्याम्बर्ग, बुसान र मुम्बई जस्ता विश्वका ठूला सिनेमा महोत्सवमा आफ्नो प्रभाव जमाइसकेको छ । यो सिनेमा गत कात्तिक एकै महिनामा ५ फेस्टिभलमा स्क्रिनिङ भएको थियो । सिनेमाले भेनिसमा १० मिनेटको स्टयान्डिङ ओभेसन प्राप्त गरेको थियो ।

# 'भूठान'ले ल्यायो 'कागजको खोस्टो'

**काठमाडौं/मस–** हरिवंश आचार्यको बहुप्रतीक्षित चलचित्र 'भूठान'ले 'कागजको खोस्टो' बोलको गीत रिलिज गरेको छ । पुष्पन प्रधानको स्वर, नवराज पराजुलीको शव्द र वाचन साथै रिदम कँडेलको संगीत संयोजन, सुनिल शिवभक्तिको सम्पादन रहेको यस गीतले घर फर्कन नपाएको परदेशीको व्यथा बोलेको छ। गीत नवराज पराजुलीको युटचुब च्यानलबाट प्रसारण गरिएको छ ।

यो चलचित्रको टिजरले चलचित्रवृत्तमा हलचल पैदा गरिसकेको छ भने यस गीतले आमदर्शक र श्रोताको पनि मनमा हलचल पैदा गर्ने देखिन्छ। परदेसिएर वा घरदेखि टाढा भएकाहरूलाई घरको यादमा चुर्लुम्म डुबाई एकफेर भए पनि आफनो गाउँ ठाउँ पुगिहालौं पार्ने खालको देखिन्छ । गीतमा घरबाहिर रहेको पात्रले आफू घर नफर्की मर्न पनि नमिल्ने र कालले समेत ताकेता गर्न नमिल्ने भावका मार्मिक शब्दहरू छन् । गीतमा हरिवंश आचार्यको जीवन्त अभिनय देखिएको छ भने सुशन प्रजापतिको अदभूत छायांकन कला देखिन्छ ।

अंग्रेजीमा 'द वर्ल्ड्स ह्याप्पिएस्ट म्यान' नाम रहेको यो चलचित्रको मुख्य भूमिकामा हरिवंश आचार्य साथै दयाहाङ राई, अनुराधा मजुमदार, पूजा चन्द लामा, ऋचा घिमिरे, जोएस पाण्डे, अदिती प्याकुरेल, टम क्रेन, विमल सुवेदी साथै हलिउडका विश्व विख्यात अभिनेता ब्रुस डर्नले पनि विशेष भूमिकामा अभिनय गरेका छन् । हलिउडको साग अफट्राअन्तर्गत रहेर बनेको यो पहिलो नेपाली चलचित्र हो, जसमा हलिउडका केही प्राविधिकहरूले पनि काम गरेका छन् ।


## टीकापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

**आन्तरिक आयको ठेक्का सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/११/२५ गते**

टीकापुर नगरपालिकाको तपसिल बमोजिमको आन्तरिक आयको ठेक्का बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागि मिति २०८१/११/२५ गतेका दिन सबै योग्य बोलपत्रदाताहरुको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । यस बोलपत्र प्रक्रियामा सहभागी हुन इच्छुक फर्म/ संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३०औँ दिन (मिति २०८१/१२/२५ गते) को कार्यालय समयभित्र बोलपत्र फारम खरिद गरी सक्नु हुन र ३१औँ दिन (मिति २०८१/१२/२६ गते) दिनको १२:०० बजेभित्र यस कार्यालयमा बोलपत्र पेश गरी सक्नु हुन अनुरोध छ । बोलपत्र खोल्ने मिति २०८१/१२/२६ गते दिनको २:०० बजे कायम गरिएको छ । बोलपत्र फारम बिक्री कार्य यस कार्यालयको राजस्व शाखाबाट हुनेछ ।

**तपसिल :**

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्यूनतम ठेक्का रकम सात वर्षको (मू.अ.कर बाहेक) रु. | धरौटी वापतको रकम | बोलपत्र फाराम दस्तुर रु. | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| TMO/NCB/IR/54/2081/082 | टीकापुर बंगला पार्कमा रहेको आँप, कटहर तथा लिचीको फलफूल बगैंचा सम्बन्धी ठेक्का, टीकापुर नगरपालिका, वडा नं. ५, कैलाली | १४,००,०५२।५० (चौध लाख बाउन्न र पैसा पचास मात्र) | कबोल अंक (मू.अ.कर सहित) को ५ प्रतिशत | १,०००।- | सम्झौता भएको मिति देखि ७ वर्षसम्म |

यस सम्बन्धी विस्तृत सूचना यस कार्यालयको वेभसाइट www.tikapurmun.gov.np मा हेर्न हुन र थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## "A LEADING BALADIYA CLEANING COMPANY OF OMAN" ओमनमा रोजगार

कम्पनी : ALBATINAH ALRAIDAH शहर : OMAN पूर्व स्वीकृत मितिः २०८१/११/२३ चलानी नं.: ६०२३४१२४ L.T. No.: 319938

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 100 | 0 | स. काममा दक्ष | 120 | ४३,३५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ चैत २,३,४ गते (15,16,17 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Elmira Manpower Service Pvt. Ltd.** License No.: 1067/073/074
P .Box: 9883, Basundhara, Kathmandu, Nepal, Tel: 01-4963814, 590815, 977- 9851068108, 9851188820
Email: info@elmiramanpower.com, Web.: www.elmiramanpower.com



## कुवेतमा रोजगार

कम्पनीः Jragh & aldabbous for wooden doors शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८१/११/२३ चलानी नं.: ६०२३४१६२ LT. No.: 320057

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | स. काममा दक्ष | 120 | ५४,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ३ गते (16 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

